‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २६४ ★ ने. सं. ११४६ कौला थ्व, चतुर्थी ★ बुधबार ★ २८ असोज, २०८३ ★ October 14, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## समाज बदल्न प्रतिबद्ध बौद्धिक व्यक्तित्वहरूको अथक प्रयास आवश्यक : अध्यक्ष बिजुक्छेँ




भक्तपुर, २७ असोज । समाज परिवर्तन गर्न कुनै एक व्यक्तिको व्यक्तित्व विकास गर्नुभन्दा कठिन हुने भएकोले प्रतिबद्ध र समर्पित व्यक्तिहरूको समूहको निरन्तर प्रयास आवश्यक हुने विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले व्यक्त गर्नुभएको छ ।

वर्तमान परिप्रेक्ष्यमा बौद्धिक व्यक्तित्वहरूको भूमिकाबारे मङ्गलबार आयोजित भेलामा अध्यक्ष बिजुक्छेँले बौद्धिक व्यक्तित्वहरूले आफ्नो ज्ञान समाजको हितमा उपयोग गर्नुपर्ने बताउनुभयो । दुष्ट प्रवृत्तिका व्यक्तिहरूले गर्ने षड्यन्त्र र धोखाका कारण पनि समाज अघि बढ्न नसक्ने उल्लेख गर्दै उहाँले समाजमा परिवर्तन ल्याउन समर्पित बौद्धिक व्यक्तित्वहरूको खाँचो औँल्याउनुभयो ।

कार्यक्रममा स्रष्टा समाजका अध्यक्ष लक्ष्मणराज जोशीले विगतमा बौद्धिक व्यक्तित्वहरूले तत्कालीन समाजका ठालुहरूको भनाइलाई नै सही मानेर टाउको हल्लाइरहेको भए पृथ्वी अहिलेसम्म पनि चेप्टो नै हुन्थ्यो भन्नुभयो । सत्तामा रहेकाहरूको भनाइलाई मात्र सही मानेको भए कम्युनिस्ट घोषणापत्रसमेत लेखिने थिएन भन्दै उहाँले अहिले नेपालमा बुद्धिजीवीहरूमाझ ठूलो समस्या देखिनु दुर्भाग्यपूर्ण भएको बताउनुभयो । बुद्धि सबैसँग हुने भए पनि समाज परिवर्तनका लागि ज्ञान आवश्यक पर्ने उहाँको भनाइ थियो ।

प्राध्यापक समाजका प्रकाश श्रेष्ठले समाज परिवर्तनका लागि आलोचनात्मक चेत आवश्यक रहेको बताउँदै दोस्रो विश्वयुद्धपछि जर्मनीमा विकसित फ्रान्कफर्ट विचारधाराको महत्त्वबारे चर्चा गर्नुभयो ।

नर्सिङ कलेजकी अध्यापिका देवीका दनेखुले तीव्रगतिमा परिवर्तन भइरहेको समाजलाई बुझ्न आफ्नो विषयको मात्र ज्ञाता भएर नपुग्ने बताउनुभयो । समाजका विविध पक्ष र विषयका बौद्धिक व्यक्तित्वहरू एकै स्थानमा बसेर समाजको हितमा कार्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

ख्वप अस्पतालका निर्देशक तथा चिकित्सक समाजका अध्यक्ष डा. मजेशप्रताप मल्लले चिकित्सा पेसामा आबद्ध व्यक्तिहरू पनि बुद्धिजीवी नै भएको उल्लेख गर्नुभयो । तर, अहिलेको परिवेशमा उनीहरू देश र समाजको हितभन्दा अर्थोपार्जनमा बढी तल्लीन हुनु चिन्ताको विषय भएको उहाँले बताउनुभयो ।

कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै कार्यक्रम संयोजन गर्ने योगेन्द्रमान बिजुक्छेँले वर्तमान राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, भूराजनीतिक तथा विश्व परिवेशमा व्यापक उतारचढाव आइरहेको बताउनुभयो । उहाँले इटालियन मार्क्सवादी चिन्तक ग्राम्सीले चर्चा गरेझैँ परम्परागत बुद्धिजीवीभन्दा समाजलाई बुझ्न र परिवर्तन गर्न सक्ने जैविक (अर्गानिक) बुद्धिजीवीको आवश्यकता रहेको बताउनुभयो । विभिन्न पेसामा आबद्ध बौद्धिक व्यक्तित्वहरू साझा चौतारीमा बसेर समाजका विसङ्गति र सत्ताको मनोमानीलाई चुनौती दिन अग्रसर हुनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले योगेन्द्रमान बिजुक्छेँको अध्यक्षतामा २० सदस्यीय एक बौद्धिक समाजको घोषणा गर्नुभयो ।

कार्यक्रमको सञ्चालन डा. सबिन ख्याजुले गर्नुभएको थियो ।

## ख्वप इन्जिनियरिङ कलेजको गुणस्तर तथा सुनिश्चितता प्रत्यायन प्रक्रियाको लागि गुणस्तर परीक्षण कार्यक्रम




भक्तपुर, २७ असोज । विश्वविद्यालय अनुदान आयोगको Educational Quality Assurance and Accreditation Council बाट भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको गुणस्तर परीक्षण कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले शिक्षामार्फत समाजमा परिवर्तन ल्याउने उद्देश्यले ख्वप सर्कलअन्तर्गतका कलेजहरू स्थापना भएको बताउँदै वि.सं. २०५८ सालमा स्थापना भएको यस शैक्षिक संस्थाले प्रारम्भिक चरणमा विभिन्न आलोचना र चुनौतीको सामना गर्नुपरेको स्मरण गर्दै जनप्रतिनिधिविहीन अवस्थामा समेत कलेजको व्यवस्थापन र विकासका लागि निरन्तर काम गरिएको बताउनुभयो ।

उहाँले कुनै पनि संस्थाको विकास र सफलताको लागि जिम्मेवारीमा रहेका व्यक्तिहरूले इमानदारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै ख्वप इन्जिनियरिङ कलेजले जनताको सेवा गर्ने उद्देश्यअनुरूप गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो । कलेजले आफ्नो शैक्षिक गुणस्तर र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै उत्कृष्ट शैक्षिक संस्थाका रूपमा पहिचान बनाउन सफल भएको उहाँले बताउनुभयो ।

कलेजले कानुनी प्रावधान तथा विश्वविद्यालयका नीतिनियमअनुसार काम गर्दै आएको उल्लेख गर्दै उहाँले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तिको प्रक्रियालाई उपलब्धिका रूपमा अघि बढाउँदै आगामी दिनमा कलेजहरूको शैक्षिक गुणस्तर अझ सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले ख्वप सर्कल कलेजको सफलताले अन्य स्थानीय तहहरूलाई पनि आफ्नै पहलमा शैक्षिक संस्था सञ्चालन गर्न हौसला मिलेको बताउँदै स्थानीय सरकार बलियो हुनुपर्छ भन्ने मान्यताका साथ भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र जनताको सेवासँग सम्बन्धित विभिन्न क्षेत्रमा काम गर्दै आएको उल्लेख गर्नुभयो ।

स्थानीय सरकार सक्षम र बलियो भए मात्र जनताको आवश्यकता र चाहनाअनुसार प्रभावकारी सेवा प्रवाह गर्न सकिने बताउँदै नगर प्रमुख प्रजापतिले स्थानीय तहले आफ्नो स्रोत, साधन र क्षमताको सदुपयोग गरी जनताको हितमा काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा Peer Review Team का टोली नेता प्रा.डा. त्रिरत्न बज्राचार्यले ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक गतिविधि, व्यवस्थापन र सामाजिक प्रभावप्रति आफू सकारात्मक रहेको बताउँदै सार्वजनिक धारणा तथा कलेजले


बाँकी पृष्ठ ८ मा


### व्यङ्ग्यचित्रको कुनो




## देशको अवस्थाबारे उब्जिएका प्रश्न

- नेपाल सरकारले स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप २०८१ जारी गरी हाल ७५३ स्थानीय तहमार्फत सरकारी विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउन बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि दैनिक २० रूपैयाँ र कर्णालीका पाँच जिल्लामा २५ रूपैयाँ खाजा खर्च बजेट बन्दोबस्त गऱ्यो । त्रिविको अनुसन्धान केन्द्र सेरिडको अध्ययनले पनि २० रूपैयाँमा पोषणयुक्त खाजा पुग्ने दाबी गऱ्यो । सरकारी विद्यालयका करिब २८ लाख विद्यार्थीको दिवा खाजाको लागि यो आवमा करिब १० अर्ब रूपैयाँ बजेट विनियोजन गरिएको सार्वजनिक भयो । कतिपय विद्यालयले खाजा पकाउने कर्मचारी, भाँडाकुँडा, पानी, भण्डारण समेत गरी २० रूपैयाँका दरले दालभात, अन्डा, चना, फलफूल खुवाउन नपुग्ने बताए । विद्यार्थीको स्वास्थ्य पत्रु खाद्यान्न (जङ्क फुड) बाट बिग्रिने रोक्न यो कार्यक्रम उपयुक्त नै हो तर भविष्यका कर्णधार विद्यार्थीको निम्ति २० रूपैयाँ खाजा खर्च कसरी पर्याप्त होला ?
- नेपालमा सामाजिक/आर्थिक र विपद् समस्या बढेसँगै मानसिक समस्या पनि बढेको तर कुल बिरामीमध्ये २० प्रतिशतले मात्र उपचार सेवा सहज पाएको बाँकी ८० प्रतिशत उपचारसम्म पुग्न नसकेको सार्वजनिक भयो । रास्वपा सरकारले स्वास्थ्य बीमासमेत कटौती गरेपछि बिरामीहरूलाई उपचारसम्म पुग्न थप कठीन भयो । यो सङ्कट समाधान गर्नेतर्फ रास्वपा सरकारको ध्यान किन गएन ?


‘हामी अझै सबल छौँ’

सेवा निवृत्त शिक्षक समाज

भक्तपुर

हार्दिक आमन्त्रण

यस समाजद्वारा नियमित प्रकाशन गर्दै आएको **“शैक्षिक अनुभव” को १९ औं संस्करण विमोचन** तथा **बडा दसैं २०८३ को शुभकामना आदानप्रदान** कार्यक्रममा समाजका सम्पूर्ण सदस्य तथा शुभेच्छुकहरूको उपस्थितिको लागि हार्दिक आमन्त्रण गरिन्छ ।

कार्यक्रम
**मितिः** २०८३ असोज २९ गते, बिहीबार
**समय** : दिनको ११.०० बजे
**स्थान** : सिद्धि गणेश हल, खँचा

**अध्यक्ष**
अम्बिका मानन्धर

# छालिङमा चियापान तथा पोषणसम्बन्धी अभिमुखीकरण



भक्तपुर, २७ असोज । छालिङ सामुदायिक सिकाइ केन्द्रको आयोजनामा शुभकामना आदानप्रदान, चियापान तथा पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा भक्तपुर जिल्लाका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले चाडपर्वमा भोजभतेर गर्दा आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर भोजन गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्राय: नेपालीलाई चिनी रोग, ब्लड प्रेसर, ग्यास्ट्रिक, थाइराइड, मुटु रोग, मृगौला रोग लाग्ने हुँदा सबै सचेत हुनुपर्छ भन्नुभयो ।

उहाँले शिक्षित र सचेत मानिसहरू गाउँ-ठाउँका समस्याहरू बुझी समाधान गर्नेतर्फ लाग्नुपर्ने र एक अर्कालाई सहयोग गर्ने भावना जागृत हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले वर्तमान सरकारले महँगी बिचौलिया, कालाबजारिया, घुसखोरी तथा भ्रष्टाचारीहरूलाई नियन्त्रण गर्न नसकेको बताउनुभयो ।

ख्वप अस्पतालका नर्सिङ इन्चार्ज सुजना बासुकलाले बालबालिका तथा अन्य व्यक्तिहरूलाई दिइने तथा खाने पोषणसम्बन्धी र फरक-फरक रोग भएका बिरामीहरूले खाने पोषणबारे प्रशिक्षण दिनुभयो ।

छालिङ सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष सानुमाया लागेजुको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा केन्द्रका परिचालिका जीना चाकतु र गणेश माविका प्रअ इन्द्रबहादुर फोजूले देश र विदेशमा बस्नुहुने सम्पूर्ण नेपालीलाई विजया दशमी र शुभ दीपावलीको अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

यसैबिच नेपाल मजदुर किसान पार्टी, चानपा -६ नगरकोटको आयोजनामा प्रशिक्षण, शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सोमबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा, चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले आफ्नो आर्थिक अवस्थाअनुसार खर्च गरी चाडपर्व मनाउनुपर्ने, अरुको देखासिकी गरी अनावश्यक खर्च गर्ने नहुने, मितव्ययिता अपनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अतिथि फोजुले वर्तमान सरकारले मा.वि. प्रथम र मावि द्वितीय श्रेणीका शिक्षकहरूलाई ५० लाखसम्मका चारपाङ्ग्रे सवारी साधन खरीद गर्न सहुलियत दरमा ऋण दिने, मा.वि. तृतीय, निमावि, प्राथमिक तहका शिक्षकलाई रु. ४ लाखसम्म दुईपाङ्ग्रे सवारी साधन खरिद गर्न सहुलियत दरमा ऋण दिने नीति बनाउनु, स्थायी शिक्षकहरूलाई मात्र प्रोत्साहन भत्ता दिने र अस्थायी, करार, अनुदान, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई प्रोत्साहन भत्ता नदिने नीति बनाउनु, १८ जनाको मन्त्रिमण्डलमा १४२ जना स्वकीय सचिव नियुक्ति गरी राज्यको ढुकुटीमा रजाइँ गर्नु सुशासन होइन, कुशासन हो भन्नुभयो ।

नेमकिपा, चानपा - ६ का अध्यक्ष कुमार तामाङको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा समितिका पूर्वअध्यक्ष शङ्खबहादुर थिङ र सचिव सरोज तामाङले पनि चाँगुनारायण नगरपालिका तथा वडाले विकासमा पक्षपात गर्ने गरेको र विकास कार्यमा व्यापक भ्रष्टाचार हुने गरेको बताउनुभयो ।

# दसैँमा कालोबजारी हुन नदिन बजार अनुगमन

भक्तपुर, २७ असोज । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा कमलविनायक क्षेत्रका खाद्य पसलहरूमा बजार अनुगमन भयो ।

अनुगमनमा पूर्ण ट्रेडर्सले भक्तपुर नगरपालिकामा किराना पसलमा दर्ता गरेको पाइएकोले पूर्ण ट्रेडर्स पनि दर्ता गर्न र पसल नवीकरण नभएकोले नवीकरण गर्न टोलीले निर्देशन दियो ।

जे.एन्ड जे. किराना पसल नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, सामान व्यवस्थित तरिकाले राख्न र पेटीमा नराख्न, म्याद नाघेकोको र बिग्रेको सामान छुट्टै छुट्याएर राख्न निर्देशन दिइयो ।

मेरो श्रेष्ठ किराना पसल र कक्षपति किराना स्टोरमा पनि निरीक्षण गरियो । केही पसलबाट म्याद नाघेका सामानहरू नष्ट गरियो ।

त्यस्तै विनायक फुड स्टोर ‘ख’ श्रेणीमा दर्ता भइराखेकोले ‘क’ श्रेणीमा अपग्रेड गर्न निर्देशन दिइयो ।

अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, ज्ञानबहादुर मानन्धर, रीता फसिकवा, भनपा श्यानिटेसनका नगर निरीक्षक दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका राजन लिवी, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक कृष्ण बहादुर खत्री, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग वाणिज्य सङ्घका वैकुण्ठ मानन्धर, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, घरेलु तथा साना उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुलाको सहभागिता थियो ।

# उपत्यका छाड्ने यात्रुको चाप उच्च

काठमाडौँ, २७ असोज । बडादसैँ नजिकिएसँगै काठमाडौँ उपत्यकाबाट आफ्नो घर फर्किने यात्रुको चाप बढ्न थालेको छ ।

दसैँ मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिसहरू धमाधम गाउँ फर्कन थालेका छन् । काठमाडौँ उपत्यकाका विभिन्न नाकामा देशका विभिन्न जिल्ला जाने लामो तथा छोटो दूरीका सार्वजनिक यातायातमा यात्रुको चहलपहल बढेको छ । दसैँमा परिवार तथा आफन्तसँग भेटघाट गरी चाडपर्व मनाउन यात्रुहरू गाउँ फर्किने क्रम बढेको हो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक रवीन्द्र खनालले दसैँ मनाउनका लागि काठमाडौँका विभिन्न नाका हुँदै सोमबार बिहानदेखि मङ्गलबार बिहानसम्मको २४ घण्टामा ५६ हजार ८०९ यात्रु बाहिरिएको राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार फर्पिङ नाकाबाट पाँच हजार ५१०, नागढुङ्गा नाकाबाट २७ हजार ६४९, थानकोट नाकाबाट ५६, भीमढुङ्गा नाकाबाट ५१३, तीनपिप्ले नाकाबाट ९७२, साँखु नाकाबाट ६०८, भक्तपुर नाकाबाट २० हजार ६१५ र भट्टेडाँडा नाकाबाट ८८६ यात्रु बाहिरीएका छन् ।

दसैँका लागि घर फर्किने यात्रुको सङ्ख्या बढेसँगै यातायात व्यवसायीलाई यात्रु व्यवस्थापन गर्न समस्या भएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतमले बाटोको कारण यातायात व्यवस्थापनमा समस्या भएको बताउनुभयो ।

“दसैँको पूर्वसन्ध्यामा विभिन्न राष्ट्रिय राजमार्ग बिग्रिँदा सवारीसाधन समयमा गन्तव्यमा पुग्न तथा काठमाडौँ आउन समस्या हुँदा सवारीसाधन व्यवस्थापनमा समस्या परेको छ,” उहाँले भन्नुभयो । असोज २३ गते अग्रीम बस टिकट बुकिङ खुला गरेको दिन धादिङको गलौँदीस्थित पृथ्वी राजमार्ग भासिँदा सवारीसाधन आवागमन अवरुद्ध हुँदा धेरै सवारीसाधन काठमाडौँमा रोकिँदा समस्या भएको महासचिव गौतमले बताउनुभयो ।

महासङ्घले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र सवारीसाधनको अवस्था जाँच गरेर यात्रा गर्न आग्रह गरेको छ । दसैँले परिवार, आफन्त र समुदायबिचको सम्बन्धलाई अझ प्रगाढ बनाउने भएकाले रोजगारी तथा अध्ययनका लागि राजधानीमा बसोबास गर्दै आएका मानिसहरू चाडपर्व मनाउन घर फर्किने क्रम हरेक वर्ष बढ्ने गरेको छ । *(रासस)*

# भूतपूर्व वडाध्यक्षद्वय कुसीलाई मातृ शोक

भक्तपुर, २७ असोज । भक्तपुर नगरपालिका वडा नं. ९ का भूतपूर्व वडाध्यक्षद्वय कृष्णगोपाल कुसी र लक्ष्मीप्रसाद कुसीका पूज्य माता जसमाया कुसीको ९५ वर्षको उमेरमा निधन भएको छ । उहाँको निधन असोज २६ गते राति १०:४० मा भएको हो ।

उहाँको जन्म १९८८/६/४ मा भएको थियो । उहाँका दुई छोरा र ६ छोरी हुनुहुन्छ । उहाँ करिब दुई महिनादेखि बिरामी हुनुहुन्थ्यो । उहाँको फोक्सोमा पानी जमेको थियो । उहाँको दाह संस्कार मङ्गलबार बिहान भएको थियो ।

# सरकारी सवारीसाधन दुरूपयोग गर्ने पक्राउ

बनेपा (काभ्रे), २७ असोज । काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-३ कुशादेवीका ४० वर्षीय गणेश सापकोटा पक्राउ परेका छन् ।

सार्वजनिक बिदाको दिन (शनिबार), असोज २४ गते सरकारी सवारीसाधन दुरूपयोग गरी सार्वजनिक स्थानमा सर्वसाधारणसँग अभद्र व्यवहार गरेको आरोपमा उनी पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका सूचना अधिकारी रबिन विष्टले सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोका आधारमा सापकोटालाई असोज २५ गते पक्राउ गरी जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा उपस्थित गराइएको छ । *रासस)*

## नागरिक बहुउद्देश्यीय सहकारी संस्था लि.

सूर्यविनायक चोक, सूर्यविनायक न.पा.-८, भक्तपुर, फोन नं.: ०१-६६१७३५०, ६६१९२५८

**२१ औं वार्षिक साधारणसभामा उपस्थित हुनेबारे सूचना**

यस संस्थाको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको एक्काइसौँ वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण सदस्य महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८३/०८/०५ गते, शनिबार
**समय** : बिहान १०:०० बजे
**स्थान** : शुभकामना पार्टी प्यालेस, सूर्यविनायक, भक्तपुर

**छलफलका विषयहरु** :

१. अध्यक्षज्यूको मन्तव्यसहित आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. लेखापरीक्षण प्रतिवेदनसहित आ.व. २०८२/८३ को वासलात, नाफा नोक्सान हिसाब अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. २०८२/८३ को लेखा सुपेरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
६. आ.व. २०८३/८४ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सदस्यहरूको दायित्व अपलेखनलगायत सञ्चालक समितिको निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
८. विनियम संशोधनसहित पुर्नलेखन सम्बन्धमा ।
९. बचत नियमावली, ऋण नियमावली, अरु नियमावली, निर्देशिका संशोधन सम्बन्धमा ।
१०. साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
११. विविध ।



# बोलाछेँमा शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम



भक्तपुर, २७ असोज । नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर नगरपालिका-४ बोलाछेँ एकाइ समितिको आयोजनामा विजयादशमी, दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा मङ्गलबार शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् नेपाल मजदुर किसान पाटीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले समाजमा रहेका विकृति र विसङ्गति नियन्त्रण गर्न जनचेतना जगाउनुपर्ने बताउनुभयो । नयाँ पुस्तालाई असल संस्कार, साहित्य र संस्कृतिबारे सिकाउँदै पुर्खाले सिर्जेका कला तथा संस्कृतिको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । स्वस्थ जीवनका लागि खानपान, व्यायाम र सरसफाइमा ध्यान दिन पनि उहाँले आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिका-४ का वडाध्यक्ष उपेन्द्र सुवालले बढ्दो महँगी नियन्त्रण, बन्द उद्योग-कलकारखाना सञ्चालन र स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्ने बताउनुभयो । दसैं-तिहारलाई रचनात्मक गतिविधिमा उपयोग गर्न सके आदर्श समाज निर्माणमा सहयोग पुग्ने उहाँको भनाइ थियो ।

स्थानीय हरिसुन्दर सुवालले सांस्कृतिक स्तर उकास्न आफ्नो ज्ञान समाजको हितमा प्रयोग गर्नुपर्ने बताउनुभयो । पूर्वजनप्रतिनिधि राजेन्द्र माकले मादक पदार्थ सेवन र मोबाइल तथा सामाजिक सञ्जालको लतप्रति सचेत हुनुपर्ने धारणा राख्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर नगर समितिकी सचिव मञ्जु लाखा र सदस्य रञ्जना सुवालले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सामाजिक गतिविधिमा महिलाको सक्रिय सहभागिताको महत्त्वबारे चर्चा गर्नुभयो ।

नेपाल मजदुर किसान पाटीको वडा नं. ४ समितिकी उपाध्यक्ष एवम् नेपाल क्रान्तिकारी महिला सङ्घ, बोलाछेँ समितिकी अध्यक्ष कृष्णलक्ष्मी दुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा आयोजक समितिकी सचिव रामलक्ष्मी दुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा दुमलाचा सांस्कृतिक परिवारको 'न्हुँ गु वासिङ मेसिन' ख्याल, साइनिङ एकेडेमीको मगर नृत्य, बाँसुरीबाट मालश्री धुन, कुथुछेँ समाज तँचाको फाकंदली प्याखँ तथा जनसेवा आधारभूत विद्यालय र ब्राइट स्टार ई. स्कूलका विद्यार्थीहरूको नृत्य प्रस्तुत गरिएको थियो ।

# त:मुंज्या भाषा, कला, संस्कृति र राजनीतिक बहस गर्ने थलो



भक्तपुर, २७ असोज । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा विजयादशमी, शुभदीपावली, नेपाल संवत् ११४७ एवं छठ पर्वको अवसरमा सोमबार डकर्मीहरूबिच शुभकामना आदानप्रदान भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् नेपालभाषा साहित्य त:मुंज्याका संयोजक उकेश कवांले चाडपर्वमा डकर्मीहरूले विशेष गरी खानपिनमा ध्यान दिएर रचनात्मक कार्यहरू गरी आफ्नो टोल, समाज र देशको निम्ति योग्य व्यक्ति तयार गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालभाषा साहित्य त:मुंज्याको सुरुआत र त्यसले समाजमा पारेको प्रभावबारे प्रकाश पार्दै साहित्यले समाजमा भएका विकृति, विसङ्गति, अन्याय अत्याचारबारे जनचेतना फैलाउने तथा भाषा, कला, संस्कृति र राजनीतिक बहस गर्ने थलोको रूपमा विकास भइरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष विष्णुराम दुमरुले डकर्मीहरूलाई एकत्रित गर्नुपर्ने आवश्यकता औँल्याउँदै सङ्गठित शक्तिले शोषक र सामन्तहरू पनि झुक्ने विचार व्यक्त गर्नुभयो ।

नेक्राडकर्मी सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष रमेश दुमरुको सभापतित्वमा भएको सो कार्यक्रममा कृष्णप्रसाद गोर्खालीले स्वागत मन्तव्य दिनुभयो ।

कार्यक्रममा सूर्यनारायणले पनि बोल्नुभएको थियो ।



**चिलिमे जलविद्युत् आयोजना क्षेत्रमा सडक निर्माण कार्य**

भोटेकोसी नदीमा आएको बाढीले क्षति पुऱ्याएपछि चिलिमे जलविद्युत् आयोजनाको प्रवेशद्वार तथा बाढी प्रभावित क्षेत्रमा भइरहेको सडक निर्माण कार्य ।

*तस्बिर : प्रदीपराज वन्त/रासस*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १४५

**राष्ट्रिय कानुनी प्रावधान र व्यवस्थातिर हेर्दा**

मुलुकी अपराधसंहिता २०७४ को दफा ६ ले "कानुनबमोजिम गर्नुपर्ने वा कानुनले क्षम्य मानेको कामलाई कसुर मानिने छैन" भनी फौजदारी न्यायका सामान्य सिद्धान्तमध्ये एक मानेको छ । यो सिद्धान्तअनुसार २०८२ भदौ २३ गतेको घटनामा "के सुरक्षाकर्मी र सरकारी पदाधिकारीहरू यस प्रावधानअनुसार पूर्णरूपमा उन्मुक्ति पाउने अवस्थामा रहेका हुन् त" भन्ने प्रश्न उठ्छ ।

भदौ २३ गते बानेश्वरको संसद् भवन परिसर बाहिर प्रहरीको गोली प्रहारबाट प्रदर्शनकारीको मृत्यु हुन गएकोमा अपराधसंहिताको दफा २६ को उपदफा (२) अन्तर्गतका निजी रक्षाको अधिकार प्रयोग गरेर बचाउको प्रावधानअनुसार सरकारी पक्षबाट गोली प्रहार भएको अवस्था देखिन र पुष्टि हुन आएन ।

संहिताकै दफा २६ को उपदफा (१) ले "निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन" भनी संविधानको धारा १६ ले प्रदान गरेको प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकारलाई यस कानुनी प्रावधानले पनि प्रत्याभूत गरेको छ ।

संविधानको धारा १६ ले प्रदान गरेको बाँच्ने पाउने अधिकार र धारा १७ ले प्रदान गरेको बिनाहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रतालाई सरकारले मुखरित गर्नुपर्नेमा भदौ २३ गते सरकारको काम कारबाहीबाट नागरिकको उक्त अधिकारहरू अपहरण हुन पुगेको छ ।

भदौ २३ गते संसद् भवन क्षेत्र बानेश्वरमा कलिला बालबालिकासमेतलाई गोली हानेर मार्न लगाएको आरोप लागिरहेकोमा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीले "आफूहरूले गोली हान्ने आदेश दिएको छैन" भन्दै आइरहनुभएको पाइन्छ । प्रधानमन्त्री र गृहमन्त्रीलगायत कुनै पनि राजनीतिक पदाधिकारी तथा अन्य प्रशासनिक अधिकारीलाई शान्तिसुरक्षा कायम गराउन गोली हान्ने अधिकार कुनै कानुनले प्रदान गरेको देखिँदैन । उनीहरूकै आदेशले गोली हानिएको भन्ने पनि होइन ।

नेपालको विद्यमान कानुनअनुसार पनि स्थानीय प्रशासन ऐन, २०२८ ले प्रमुख जिल्ला अधिकारीलाई मात्र गोली हान्ने आदेश दिन सक्ने अधिकार प्रदान गरेको छ । गोली हान्ने अधिकारको आदेशबमोजिम अन्तिम कार्यान्वयन भने फिल्डमा रहेका हतियारधारी प्रहरी अधिकृत तथा जवानहरूले गर्दछन् ।

प्रहरी सुरक्षाकर्मीहरू र प्रशासकीय अधिकारीहरू प्रधानमन्त्रीअन्तर्गत गृहमन्त्रालय र प्रधानमन्त्री स्वयम्को प्रत्यक्ष नियन्त्रणमा हुन्छन् । गोली चल्न सुरु भएपछि गृहमन्त्री रमेश लेखकले प्रधानमन्त्रीसमेतलाई खबर गरेको भनेका छन् । १२:१५ बजेपछि संसद् भवन परिसर वरिपरि झण्डै ४ घण्टा गोली चलिरह्यो । गोली लागेका बिरामीले सिभिल अस्पताल, ट्रमा सेन्टर, वीर अस्पताल, केएमसी, एभरेस्ट अस्पताल भरिएर ठाउँ थिएन । तमाम मिडियाबाट खबर प्रशारित थिए । तर, सरकार प्रमुख प्रधानमन्त्री र उनको गृहमन्त्रीले भने गोली रोक्नेतिर कुनै प्रयास गरेको देखिन आएन । निजहरूमाथि के कस्तो अभियोग लाग्न सक्ने हो वा अभियोग नै लाग्न नसक्ने भन्नेतिर हेर्दा निम्न अवस्था देखिन आयो :

बानेश्वर संसद् परिसर सडक पेटीमा जेनजी प्रदर्शनकारीहरू र प्रहरीबिच भिडन्त भइरहेको थियो । त्यसबेला प्रहरीहरूको ज्यान खतरामा पर्न लाग्यो भन्ने सेटबाट खबर पाएपछि "कर्फ्यु लागिसकेको, आदेश माग गरी राख्नु नपर्ने, आवश्यक बल प्रयोग गर्ने" भनी भदौ २३ गते १२:४० बजे प्रहरीको सञ्चार सेटबाट तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले (सज २७) आदेश दिएका थिए । उनकै आदेशपश्चात् सुरक्षाकर्मीहरू अन्तिम बल प्रयोग गर्न अग्रसर देखिए । त्यसको अनुसरण गर्दै काठमाडौँ जिल्ला प्रहरी प्रमुखले समेत सञ्चार सेटबाट पटक पटक बल प्रयोग गर्न आदेश दिए । उपत्यका प्रहरी कार्यालय रानीपोखरीका कार्यबाहक प्रमुख रहेका डीआइजी ओमबहादुर रानाले पनि सेटबाट बल प्रयोग गर्न आदेश दिए । एकातिर प्रहरी महानिरीक्षकको बल प्रयोगबारे कुनै भूमिका नरहने र कानुनी अधिकार पनि नभएको भनी बयान दिने तर भदौ २३ गते सञ्चार सेटबाट उनले आदेश दिएपछि नै बल प्रयोग भई घातक गोली चलेर प्रदर्शनकारीहरूको मृत्यु तथा घाइतेको सङ्ख्या बढेको देखिन्छ ।

भदौ २४ गते उपत्यका भित्र र उपत्यका बाहिरका विभिन्न प्रहरी कार्यालय तोडफोड, आगजनी र प्रहरी कार्यालयमाथि आक्रमण हुँदा र हतियार लुट्न लाग्दा प्रहरीहरूलाई डटेर मुकाबिला गर ! नभनी सुरक्षित भएर रहन तथा बल प्रयोग गर्नुपरे अश्रुग्याँससम्म प्रयोग गर्न र थुनुवाहरूलाई लगत राखेर छाडिदिन आदेश दिएपछि नै प्रहरीहरू कमजोर हुन थाले । ठाउँठाउँमा प्रहरीमाथि आक्रमण, कार्यालयहरू जलाउने र हतियार लुटिने काम भयो । यसरी देश नै राज्यविहीनको अवस्थामा पुगेको थियो । यस्तो आदेश दिनेमा तत्कालीन प्रहरी महानिरीक्षक खापुङ नै थिए । प्रहरी, प्रहरी कार्यालय र हतियार सुरक्षित रहन नसक्नुमा यिनको पनि भूमिका देखिन आयो ।

प्रधानमन्त्री भनेको त देश चलाउने राजनेता हो । देशमा कहाँ के भइरहेको छ र किन भइरहेको छ भन्ने जान्ने अधिकार रहेका पदाधिकारी हुन् उनी । देशमा कहाँ के भइरहेको छ भनेर तुरुन्तै सूचना पाउने पहिलो अधिकारीमा पर्दछन् उनी । त्यसै पनि प्रधानमन्त्रीले देश विदेशमा के भइरहेको छ भनी सूचना पाउँदछन् । झन् नेपालको हकमा त देशको एकमात्र गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभाग प्रत्यक्ष उनकै मातहतमा राखिएको छ । त्यसैले प्रधानमन्त्री बानेश्वरमा संसद् भवन परिसरबाट गोली प्रहार भएर १७ जनाको मृत्यु भइसकेको र हजारौँ प्रदर्शनकारी घाइते भएकोमा जानकार रहेको मान्नु पर्दछ ।

# चितवनमा स्क्रब टाइफसका सङ्क्रमित २३४ पुगे

नारायणगढ (चितवन), २७ असोज । चितवनमा चालु आर्थिक वर्षमा स्क्रब टाइफसबाट सङ्क्रमित हुनेको सङ्ख्या २३४ पुगेको छ ।

जनस्वास्थ्य कार्यालय चितवनले सार्वजनिक गरेको तथ्याङ्कअनुसार जिल्लाभित्रका १४२ जना र बाहिरी जिल्लाबाट उपचारका लागि आएका ९२ जना गरी कुल २३४ जनामा स्क्रब टाइफसको सङ्क्रमण पुष्टि भएको हो ।

कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले हालसम्म एक हजार ८१६ जनाको नमुना परीक्षण गरिएकामा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको बताउनुभयो ।

त्यसैगरी खैरहनी नगरपालिकामा २२ जना, राप्ती नगरपालिकामा २०, कालिका नगरपालिकामा १७, माडी नगरपालिकामा तीन र इच्छाकामना गाउँपालिकामा दुई जनामा सङ्क्रमण देखिएको छ ।

कार्यालयका अनुसार सङ्क्रमित हुनेमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी छ । जिल्लाभित्रका सङ्क्रमित १४२ जनामध्ये ५२ पुरुष र ९० महिला छन् भने बाहिरी जिल्लाबाट आएका ९२ सङ्क्रमितमध्ये ३४ पुरुष र ५८ महिला छन् । हालसम्म जिल्लामा स्क्रब टाइफसका कारण कसैको मृत्यु भएको छैन ।

**के हो स्क्रब टाइफस र कसरी सर्छ ?**

स्क्रब टाइफस 'ओरिएन्टिया सुत्सुगामुसी' नामक जीवाणुबाट सङ्क्रमित मुसामा पाइने सुक्ष्म किर्ना (माइट वा चिगर)को टोकाइबाट मानिसमा सर्ने सङ्क्रामक रोग हो ।

जुम्राभन्दा सुक्ष्म हुने यो किर्ना प्राय: नाङ्गो आँखाले देख्न सकिँदैन र यो विशेषगरी मुसाको कान वा शरीरमा बस्ने गर्छ । घाँस वा झाडीमा किर्ना झरेको अवस्थामा मानिसको सम्पर्कमा आउँदा यसको सङ्क्रमण हुन्छ । यद्यपि, यो रोग मानिसबाट मानिसमा भने सर्दैन ।

स्क्रब टाइफस भएमा उच्च ज्वरो आउने, अत्यधिक टाउको दुख्ने, शरीर, मांसपेशी तथा जोर्नीहरू दुख्ने, अत्यधिक कमजोरी महसुस हुने, वाकवाकी लाग्ने र शरीरमा बिमिरा देखिनजस्ता लक्षण देखिन्छन् ।

विशेषगरी किर्नाले टोकेको ठाउँमा कालो दाग वा घाउ बन्नु यसको मुख्य पहिचान हो । समयमै उपचार नभएमा यसले फोक्सो, कलेजो, मिर्गौला र मस्तिष्कमा असर गरी अङ्ग फेल हुने वा मृत्युसमेत हुनसक्ने स्वास्थ्यकर्मीहरू बताउँछन् ।

भेक्टर कन्ट्रोल निरीक्षक केसीले यो मौसममा स्क्रब टाइफसको जोखिम निरन्तर रहँदै आएकाले घर वरपरको झाडी सफा राख्न, खेतबारी वा घाँसपात गर्दा शरीर ढाक्ने लुगा लगाउन र लक्षण देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गएर परीक्षण तथा उपचार गराउन आग्रह गर्नुभयो । ***(रासस)***

। सम्पादकीय ।

# आर्थिक स्थिरता र शान्तिको लागि सामाजिकीकरण जरुरी

स्वीडेनको विज्ञान प्रतिष्ठानले नोबेल अर्थशास्त्र पुरस्कार संरा अमेरिकाको स्ट्यानफोर्ड विश्वविद्यालयका प्राध्यापक रोवर्ट ई हल र कोलम्बिया विश्वविद्यालयका प्राध्यापक माइकल वुडफोर्डलाई प्रदान गर्ने घोषणा गरे। ती दुवैले अर्थतन्त्रलाई स्थिर राख्न तथा बाह्य झट्काको प्रभाव न्यूनीकरण गर्न सरकार र केन्द्रीय बैङ्कलाई सहयोग गर्ने नयाँ आर्थिक मोडल विकास गरेको दाबी गरे। अर्थशास्त्रतर्फको पुरस्कार छनौट समितिका अध्यक्ष जोन ह्यास्लरका अनुसार उनीहरूको अनुसन्धानले अहिले विश्वभरका केन्द्रीय बैङ्क र सरकारहरूले प्रयोग गर्ने आर्थिक मोडेलका लागि स्थिर सैद्धान्तिक आधार प्रदान गरेको छ।

केही व्यक्तिको हातमा स्रोत र साधन कब्जामा रहने पुँजीवादी आर्थिक प्रणालीमा अर्थतन्त्रलाई स्थिर राख्ने मोडल दाबी गरिँदैमा कसरी आर्थिक मन्दी सामना गर्न सक्ला ? स्वीडेनको विज्ञान प्रतिष्ठान स्वयम् केही व्यक्तिको हातमा स्रोत र साधन कब्जामा राख्ने पुँजीवादी दर्शनका अनुयायीहरूको हुँदा यसले त्यस्तै अर्थशास्त्रीहरूलाई नोबेल पुरस्कार दिँदै आएको यसअघि नै पुष्टी भएको हो।

स्थिर आर्थिक प्रणालीको लागि उत्पादनका मुख्य मुख्य स्रोत र साधनहरू सामाजिकीकरण हुनु आवश्यक छ। संरा अमेरिकी राष्ट्रपतिहरूले यसप्रकारका आर्थिक प्रणालीबारे अध्ययन र अनुसन्धान गर्ने प्राध्यापकहरूलाई प्रोत्साहन गर्दैनन्। केही दिनअघि संरा अमेरिकी राष्ट्रपति ट्रम्पले संयुक्त राष्ट्रसङ्घको महासभामा भने, "अमेरिकामा कम्युनिस्ट व्यवस्था आउँदैन।" ट्रम्पको यो भनाइ सत्य होइन। वर्गीय बन्दोबस्तमा शोषितवर्गको सङ्ख्या धेरै हुन्छ। संरा अमेरिकामा पनि यही स्थिति छ। यसकारण, शोषितवर्ग शोषणबाट मुक्त हुन संरा अमेरिकामा पनि सङ्घर्ष गर्दै छ। अमेरिकी जनताले ट्रम्पको गतिविधिको विरोधमा 'नयाँ राजा' चाहिँदैन भनी आन्दोलन गर्दै छन्। वर्ग रहेसम्म स्थिर आर्थिक प्रणाली सम्भव छैन। वर्ग नभएको समाजमा मात्र स्थिर आर्थिक प्रणाली सम्भव हुन्छ। संरा अमेरिकामा पनि कम्युनिस्ट आउने वातावरण छ।

नर्वेको नोबेल समितिले संयुक्त राष्ट्र सङ्घको मानव अधिकार पूर्वउच्चायुक्त तथा अन्तर्राष्ट्रिय न्यायालयकी न्यायाधीश दक्षिण अफ्रिकाकी भारतीय मूलकी नवनथेम नेवी पिल्लाईलाई शान्ति पुरस्कार दिने घोषणा गऱ्यो। यो घोषणापछि संरा अमेरिकी राष्ट्रपति ट्रम्पले विश्वमा आधा दर्जनभन्दा बढी युद्ध रोकेको हुँदा सो पुरस्कार आफूले पाउनुपर्ने धारणा राखे। गत वर्ष पनि ट्रम्पले यही धारणा अघि सार्दै नोबेल शान्ति पुरस्कार दाबी गरेका थिए। यथार्थमा ट्रम्पको दाबी झूटा हो। ट्रम्पले इजरायललाई हतियार पठाएर प्यालेस्टिनमा नरसंहार गराए भने इरानमा पनि आक्रमण गर्न पुगे र त्यहाँका सर्वोच्च नेता खामेनीलगायत विद्यार्थीहरूको समेत ज्यान जाने गरी आक्रमण गरे। युक्रेनलाई हतियार पठाएर ट्रम्पले रुसविरुद्ध छद्म युद्ध गरे।

संसारमा सबैभन्दा बढी हतियार उत्पादन र बिक्री गर्ने देश संरा अमेरिकी सरकार नै हो। संरा अमेरिकी सरकारले हतियार उत्पादन र संसारका ठाउँठाउँमा राखेको सेना र हतियार तैनाथीको खर्चले विश्वभर जनतालाई शान्तिले बस्न मिल्ने स्रोत जुट्थ्यो। तर, ट्रम्पको ध्यान यतातिर छैन। यसकारण, ट्रम्पले नोबेल शान्ति पुरस्कार दाबी गरेको कुनै पनि दृष्टिले उपयुक्त होइन। हुन त संयुक्त राष्ट्र सङ्घको मानव अधिकार उच्च आयोग र अन्तर्राष्ट्रिय न्यायालयको फैसला पनि कार्यान्वयन भइरहेको छैन। अन्य अन्तर्राष्ट्रिय संस्थाजस्तै यी दुवै निकाय पनि संरा अमेरिकी साम्राज्यवादको पोल्टामा पारिएको छ। यो स्थितिको विश्वका न्यायप्रेमी जनताले विरोध गर्नु जरुरी छ। आर्थिक स्थिरता र शान्तिको लागि सामाजिकीकरण नै जरुरी हुन्छ।

# युरोकम्युनिज्मका थप कुरा

आजका दिनहरूमा कम्युनिस्ट खेमाका मानिसहरू के विषयमा ठुलठुला स्वरमा कुरा गर्छन् भने सारमा संशोधन गरिएको वैज्ञानिक समाजवादले अवसरवादसँग मेलमिलाप गरी मुक्तिको निम्ति कामदारवर्गको सङ्घर्षलाई परिवर्तन गर्नेछ र नेतृत्व गर्नेछ। द्वन्द्ववादको तर्कले सत्यतर्फ लैजान्छ - कम्युनिस्ट पार्टीको नेतृत्वमा स्थापना भएको विश्वको पहिलो शक्तिशाली मजदुर र किसानहरूको राज्य थियो, जहाँ सामाजिक समानता र सामाजिक न्यायको विजय भएको थियो। तर, कम्युनिस्ट पार्टी आफै त्यसको आफ्नै चिहान खन्नेहरू भए। सोभियत जनताले सोभियत सङ्घको कम्युनिस्ट पार्टीको संशोधनवादी र अवसरवादी नीतिको कारण अति ठुलो मूल्य चुकाए।

पूर्वसोभियत सङ्घमा आज २० भन्दा बढी आफूलाई कम्युनिस्ट भन्ने पार्टीहरू छन्। वर्षापछि च्याउ उम्रेजस्तै तिनीहरूका पार्टीहरू बढ्दै छन्। कसैले केही 'मार्क्सवादी श्रमिक पार्टी' का पत्रिका पढ्छन् भने त्यसको चारपृष्ठले 'मार्क्सवादले स्तालिनको नीतिको सैद्धान्तिक हतियारलाई एक विकृत सिद्धान्त' को रूपमा प्रमाणित गर्छ र स्तालिनवाद नाजिवादभन्दा कुनै किसिमले भिन्न नभएको प्रमाणित गर्छ। यस कुरामा तिनीहरू प्रस्ट हुन्छन् कि सरदर वा औसत मजदुरहरू निश्चय पनि त्यस पार्टीमा संलग्न हुँदैनन्।

कार्यकर्ताहरूका स-साना समूहहरूका आ-आफ्ना प्रचार यन्त्रहरू (Website) मा सोभियत सङ्घमा वास्तवमा समाजवाद निर्माण भएकै थिएन र "सोभियत सङ्घमा सम्पत्ति समाजवादी भएकै थिएन" भन्ने घाँटी सुकाई साबित गर्न खोज्छन् र त्यहाँ खाली साधारण राज्य पुँजीवाद थियो र अहिले मजदुरहरूले यस्तो राज्यको जहाँ सार्वजनिक सम्पत्ति र निजीकरण गरिएको सार्वजनिक सम्पत्तिको कल्पना गर्नु पर्दछ। यदि तपाईं यस्ता कुराहरूबाट दिक्क हुनुभयो भने ठुलो उत्साहका साथ काम गरिरहेको 'मस्को सङ्घ' (Union of Moscow) को प्रसारणले तपाईं आनन्दित हुनुहुनेछ। त्यसले आफ्ना कार्यकर्ताहरूमार्फत तथाकथित 'तल्लो तहको प्रजातन्त्र' (Narodopraoice grass roots democracy) लाई खूब खण्डन गरेको सुन्नु हुनेछ।

कम्युनिस्ट पार्टीको एक सानो समाचारपत्रले वास्तविकताभन्दा धेरै पर गएर आज रुसमा पुँजीवाद होइन भनी लेख्छ र रुस आज पश्चिमी पुँजीको कब्जामा छ र यहाँका जनता सोभियत रुसमा सङ्गठित छन् र रुसी अधिकारीहरूलाई मात्र सुनाउँछन्, "हामी अरुको नियन्त्रणमा बस्न चाहँदैनौं।" यदि तिनीहरू पढ्न चाहन्छन् भने लेनिनको रचना "साम्राज्यवाद, पुँजीवादको सबभन्दा उँचो चरण हो" मात्र भन्छन्। यसले के प्रस्ट हुन्छ भने आजको रुस विशेष प्रकारको साम्राज्यवादी राष्ट्रको मुख्य चरित्र हो।

अरु कम्युनिस्ट पार्टीले के सम्झन्छ भने रुस साम्राज्यवादी देशहरूमध्ये एक हो, तर के विश्वास गर्दैन भने सर्वहारावर्गको मुख्य शत्रु पुँजीपतिवर्ग हो, जसको हात मजदुरवर्गले निर्माण गरेको देशको सबै राष्ट्रिय सम्पत्ति जातिवादी-फासीवादले (Zionist fascism) नियन्त्रण गरेको छ।

कहिलेकाहीँ कम्युनिस्ट समाचार पत्रहरूको भनिएका पानाहरू खाली कम्युनिस्ट विरोध मूर्खतापूर्ण कुराहरूले भरिएको हुन्छ। एक लेखमा लेखिएको थियो- 'विश्वका थप कुरा' (More on the world around us) - "मार्क्सवाद एक विज्ञानको रूपमा धेरै पहिले मरिसकेको छ। मार्क्सले पुँजीपतिहरूको वर्ग र पुँजीवादी वर्गहरूको सर्वहारावर्गका काम गरेका थिए..... तिनीहरू धेरै पहिले गइसकेका छन्, त्यसबेलाको वर्गीय दृष्टिकोण अब लागू हुँदैन... । अहिले सर्वहारावर्ग छैन। मजदुरहरू अर्थात् मजदुरवर्ग अहिले छैन र व्यापक ढङ्गले वर्गसङ्घर्ष अहिले हुनसक्दैन।"

के यी समाचारपत्रका सम्पादकहरूलाई थाहा छैन कि वर्गसङ्घर्षको सबभन्दा ठुलो महत्त्वपूर्ण क्षेत्र सैद्धान्तिक सङ्घर्ष हो ? विरोध गर्नेहरू सङ्घर्ष गरिरहेका जनमानसलाई तिनीहरू कसको पछाडि हेरेर कहाँ जाँदै छन् भन्ने थाहा छ कि छैन भन्ने हो। युक्रेनमा मैदान (Maidan) का नव-नाजीहरूको विचारहीन प्रदर्शनकारी युवाहरूलाई कता लैजाँदै छन् भन्ने थाहा छैन। जनताको हितको निम्ति नलड्नेहरू निश्चय पनि साधारण फासीवादी पिछलग्गू होइनन् र ?

एक समयमा मजदुर जनतालाई धेरैजसो आफ्ना सूचनाहरू पुँजीवादी स्रोतहरूबाट थाहा हुन्थ्यो। कम्युनिस्ट पार्टी (CPI) को महासचिवको पदमा डोलोरस इबाररुरि (Dolores Ibarruri) थियो। त्यो पार्टी विस्तार विस्तारै पतन भयो। स्पेनियालीहरू (Speniards) भने ४० वर्षमा फासीवादी फ्रानको (Franco) ले गर्न नसकेको काम स्पेनियाली कम्युनिस्ट नेता क्यारिलो (Carrillo) ले गरे भनेको कुरा सही हो।

सन् १९९० मई १७ मा सोभियत सङ्घको एक अन्तर्वार्ता क्यारिलो (Carrillo) ले 'युवा कम्युनिस्ट सत्य' ( Komsomolskaya Pravda) लाई दिएको थियो। उसले संवाददातालाई भन्यो - लेनिनको मौलिक विचार म्याद नाघेको छ र नवीन परिस्थितिमा खोटो देखियो। हाम्रो पार्टीको परिभाषाबाट हामीले 'लेनिन' शब्दलाई मेटी दियौं। ... सर्वहारावर्गको तानाशाहीको विचारलाई हामीले अस्वीकार गऱ्यौं आदि। संवाददाता सुनेर दङ्ग भए। त्यसबेला रुसमा सबै प्रचारका स्रोतहरू कम्युनिस्टविरोधीहरूको हातमा थियो।




स्पेनको कम्युनिस्ट पार्टीका नेता सान्टियागो क्यारियो जून १३, १९७७ मा आफ्नो पार्टीका उम्मेदवारहरू घोषणा गर्दै।

फ्रान्सेली कम्युनिस्ट नेता जर्जेस मार्चेस (Georges Marchais) अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन फुटाउने काममा हात भएका व्यक्ति हुन्। एक-एक पाइला गरेर फ्रान्सेली कम्युनिस्ट पार्टी (PCF) ले पूर्णरूपले कम्युनिस्ट अडानलाई नै छोड्यो र आफ्नो दिशालाई नै पुँजीवादी सामाजिक-प्रजातन्त्रमा मोड्यो। हालै त्यसको महाधिवेशनमा पार्टीको सङ्केत चिह्नमा घन र हँसियालाई झिक्ने निर्णय गऱ्यो। अहिले फ्रान्सेली कम्युनिस्ट पार्टी (PCF) युरोपेली वाम पार्टीको एक अङ्ग (ELP) हो, जो विश्व पुँजीको सेवामा प्रस्तुत छ।

रुस, स्पेन र फ्रान्सका तीनै कम्युनिस्ट पार्टीहरूले मध्यमार्गी (An intermediate) 'तेस्रो बाटो' (Third way) को विकास गरेको बताए। तर, ती पार्टीहरूले भेँडाहरूलाई ठीकसित समेट्छन् र ब्वाँसाहरूलाई आहारा तयार गर्छन्। तिनीहरू एक नयाँ किसिमको प्रजातान्त्रिक शासन (Democratic regime of new type) को कल्पना गर्छन्, जसमा पुँजीपतिवर्ग र सर्वहारावर्ग पनि खुसी हुन्छन्। हालैका दशकहरूमा तिनीहरूको काममा सोभियतवादविरोधी भावना बढ्यो। सच्चा कम्युनिस्टहरूलाई हेलाको हिसाबले 'सोभियत समर्थक' (Pro-Soviet) भन्छन् र दृष्टिकोणको हिसाबले रुढीवादी (Orthdox) भन्छन्। नाममा ती पार्टीहरू कम्युनिस्ट नै हुन्। सारमा, तिनीहरू सामाजिक पुँजीवादी (Social democratic) भइसकेका छन्। *(नेपालको सन्दर्भमा त्यस्ता कम्युनिस्टहरू नेपाली काङ्ग्रेस मार्काको 'समाजवादी प्रजातन्त्रवादी' हुन् -सं)*

सबै युरोपेली देशहरूमा धेरै धेरै कम्युनिस्ट पार्टीहरू छन्। कम्युनिस्टहरूकै बिचमा भेद छुटिनु अनिवार्य छ। अवसरवादीहरूसँग वैज्ञानिक एकता हुनु असम्भव छ, किनभने तिनीहरूले मजदुरवर्गलाई र वर्गीय सङ्घर्षलाई पर धकेल्छन्, तिनीहरू क्रान्तिलाई अस्वीकार गर्छन्। सबभन्दा महत्त्वपूर्ण विषय हो तिनीहरू मार्क्सवादी सिद्धान्तदेखि डराउँछन्। शोषकवर्गमाथि अन्तिम विजय पाउनको निम्ति सर्वहारावर्गको हुकुमको आवश्यकतालाई तिनीहरू आगोजस्तै पन्छाउँछन्।

लेनिन ठिक्कै भन्नुहुन्थ्यो, मिल्नुभन्दा पहिले विभाजित हुनु आवश्यक छ। एकता मार्क्सवादी विज्ञानको आधारमा मात्र सम्भव हुन्छ, यसको सान्दर्भिकता एक्काइसौँ शताब्दीमा मात्र बढ्यो। त्यसो किन ? सन् २०१३ मा ग्रीसेली कम्युनिस्ट पार्टी (KKE) को नेतृत्वले ब्रुसेल्समा ३० वटा कम्युनिस्ट पार्टीहरूको प्रतिनिधि मण्डलको एक बैठकको आयोजना गरेको थियो। साझा रणनीतिक उद्देश्य र कार्यनीतिक सङ्घर्षमा सहकार्य गर्न युरोपेली कम्युनिस्ट र मजदुरहरूको पार्टीहरूको बैठकको स्थापना गर्न ग्रीसेली कम्युनिस्ट पार्टीले अगुवाइ (Initiative) गऱ्यो।

ती पार्टीहरूमध्ये त्यस आन्दोलनमा खाली नाममा मात्रका कम्युनिस्टहरू छन्, उदाहरणको निम्ति 'रुसी महासङ्घको कम्युनिस्ट पार्टी' (The Communist Party of the Russian Federation - CPRF) हो। यसका नेता गेनाडी जुगानोभ (Genady Zyuganova) का पुस्तकहरू, उनका लेखहरू र भाषणहरू, पार्टी गतिविधि, रुसी संसद् (State Duma) का समूहको हरेक गतिविधिले के विश्वास गर्न सकिन्छ भने जुगानोभाको रुसी महासङ्घको कम्युनिस्ट पार्टी वास्तवमा एक निम्न पुँजीवादी सामाजिक-जनवादी पार्टी (a petty-bourgeois social democratic party) हो।

अन्तर्राष्ट्रिय मजदुरवर्गको आन्दोलनभित्र 'सामाजिक जनवादी' (Social democratic) एउटै सुधारवादी राजनीतिक आन्दोलन हो। यसले पुँजीवादी समाजको विकासको शान्तिपूर्ण बाटोलाई मात्र स्वीकार गर्छ। यसले सुधार, सम्झौता र सामाजिक हिस्सेदारी अर्थात् मालिकहरू र ज्यामीहरूको 'सामाजिक हिस्सेदारी' ( Social parternship) द्वारा सुधारको आवश्यकता सम्झन्छ। सामाजिक जनवादीहरूले ठुलठुलो स्वरले समाजवादको बहुपक्षीय बाटोको वकालत गर्छन् र धेरै प्रकारका समाजवादी शैलीहरूको वकालत गर्छन्। समाजवादलाई तिनीहरू संसदीय निर्वाचनमा मतदाताहरूलाई आकर्षित गर्न अनेक झिलीमिली र महिलाहरू नचाउने चर्तिकलाहरू गर्छन् र जनतालाई आकर्षित गर्न गुप्तरूपले उपहार, पैसा र अनेका अनेक जालसाजी प्रयोग गर्ने उपायका रूपमा लिन्छन्।

***Northstar Compass***
***Feb 2016***

**साभार : मजदुर-किसान, असोज २०७५**

# बुर्किना फासोली क्रान्ति र थोमस सङ्कारा – २



बुर्किनाबे जनताको अत्यन्त ठुलो बहुमत कृषिमा आधारित थियो, तर जमिनको बन्दोबस्त सामन्ती ढङ्गको थियो। जमिनदारहरूले जोताहा किसानहरूलाई बिनापैसा ज्यामी लगाउँथे अर्थात् झारा वा बेठबेगारी लिन्थे। उनीहरूले जोताहा किसानहरूबाट रकम वा बाली पनि असुल गर्थे। राष्ट्रिय क्रान्तिकारी परिषद्ले भूमिमा सामन्ती अधिकारलाई उन्मूलन गर्‍यो। राष्ट्रिय कृषक सङ्घ स्थापना गरियो। बुर्किना फासोमा सुक्खा मौसमको बेला पानी र सिँचाइ पहिलेदेखिको समस्या थियो। कोषको अभावका कारण त्यहाँका जनताले स्थायी वा सिमेन्टको घर बनाउन सक्दैनथे। यसकारण गाउँका जनता सबै मिलेर माटोकै बाँध बनाए। कृषि उत्पादनमा वृद्धि भयो। पहिलो पटक जनताको आवास योजना बनाइयो। दुई-दुई कोठे माटो र इँटाका घरहरू बनाइए। ती सबै काम स्थानीय क्रान्तिकारी रक्षा समितिहरूले बन्दोबस्त गरे। पहिले भए त्यो कुरा कल्पना गर्न सकिने कुरा थिएन।

**महिला मुक्ति कसरी सम्भव ?**

महिला मुक्तिको क्षेत्रमा सङ्काराको विचार झन् प्रभावशाली बन्यो। सङ्काराले एङ्गेल्सको समाज उत्पत्तिसम्बन्धी रचनाहरू अध्ययन गरेका थिए। ‘परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति’ जस्ता कृतिबाट उनी प्रभावित थिए। बुर्किना फासोका स्वास्नीमानिसहरू मनोरञ्जनको कुनै पनि अधिकारबिना सबभन्दा बढी शारीरिक काम गर्न बाध्य थिए। नव-उपनिवेशवादी समाजमा स्वास्नीमानिसहरू दोहोरोरूपमा शोषित भएको कुरा उनले सिकाए। पहिलो, आइमाईहरू




लोग्नेमानिसहरूले जस्तै दुःखको अनुभव गर्छन्। दोस्रो, तिनीहरू लोग्नेमानिसहरूबाट पनि थप दुःखका शिकार छन्। सङ्काराले भने, “स्वास्नीमानिसहरू घरबाहिर र भित्र शोषित छन्। तिनीहरूलाई भूमिकारहित र आवाजविहीन बनाइएका छन्। मुख्य मानिस नै बाँधिएका छन्। महिला भनेको पुरुषको छायाँ मात्रै हो भनिएको छ।”

स्वास्नीमानिसलाई पनि निर्णय गर्ने थलो र सार्वजनिक प्रशासनमा पूर्णरूपले सहभागी बनाउन सङ्काराले राष्ट्रिय परिषद्मा महिलालाई पनि सामेल गराए। उनले भने, “स्वास्नीमानिसको साँचो मुक्ति भनेको आइमाईहरूलाई पनि जिम्मेवारी सुम्पनु र विश्वास गर्नु हो। तिनीहरूलाई उत्पादन कार्यमा सहभागी गराउनु तथा जनताले जुझ्ने हरेक कठिन सङ्घर्षहरूमा तिनीहरूलाई पनि सामेल गराउनु हो।” बुर्किनाबे महिलाहरू पनि ‘क्रान्तिको निम्ति रक्षा समिति’ (CDR) मा सामेल भएर मन्त्री र प्रान्तीय गभर्नर वा अञ्चलाधीश भई शक्तिशाली भूमिका प्रदर्शन गरे। जबरजस्ती विवाह, बहुविवाह र यौन अङ्गछेदनजस्ता विकृतिहरूलाई निषेध गरियो र परिवार नियोजन लागु गरियो।

**परराष्ट्र नीति**

क्रान्तिकारी बुर्किना फासोको संसारका सबै प्रगतिशील सरकारहरूसँग घनिष्ठ सम्बन्ध थियो। कुनै पनि राज्यसँग झुकाव नराखी असंलग्न राष्ट्रहरूको एक सदस्य रह्यो। सन् १९८६ को अक्टोबर महिनामा सङ्काराले सोभियत सङ्घको भ्रमण गरे। उनको घनिष्ठ अन्तर्राष्ट्रिय सम्बन्ध निकारागुआ र क्युवासँग थियो भने अफ्रिकामा मोजाम्बिकसँग थियो। सामोरा मशेल सङ्काराका नायक थिए। तिनीहरू दुवै मिल्ने साथी थिए। दक्षिण अफ्रिकी जातिवादी सङ्गठनका दलालहरूबाट हवाईजहाज विस्फोट गराई सामोरा मशेलको हत्या गरिएको थियो। सङ्काराको निम्ति यो घटना साह्रै दुःखद थियो।

बुर्किना फासोको सम्बन्ध पोलिसरियो मोर्चा (Polisrio Front) सँग पनि थियो। पोलिसरियो मोर्चा स्पेनको सहारामा मोरक्कोको नियन्त्रणबाट स्वतन्त्र हुन चाहन्थ्यो। त्यस्तै सङ्कारा प्यालेस्टिनी मुक्तिका पनि समर्थक थिए। छिमेकी घानाको जेरी रलिङस (Gerry Rowlings) को सरकार र बुर्किना फासोको मित्रवत् र संयुक्त सैनिक गतिविधि पनि हुन्थ्यो। तर, पश्चिम अफ्रिकाका अन्य देशहरूसँग भने सम्बन्ध चिसो थियो। बुर्किना फासोप्रति तिनीहरू शत्रु थिए। सन् १९८५ को क्रिसमसको दिन सीमा विवादलाई लिएर छिमेकी देश मालीले बुर्किना फासोमाथि आक्रमण गर्‍यो।

अफ्रिकाको शोषण गर्नमा तल्लीन युरोप र उत्तर अमेरिकी देशहरूबाट ‘क्रान्तिकारी राष्ट्रिय परिषद्’ ले केही आशा गरेको थिएन। सङ्काराले प्रस्टरूपले साम्राज्यवादी देशहरूले दिने सहायतालाई अस्वीकार गरे। उनले उठ्दो स्थानीय अर्थतन्त्रलाई ध्वस्त पार्ने ऋण र परनिर्भर हुने संस्कृतिको विकास हुनेबारे प्रस्ट पारे।

उनले भने, “बुर्किना फासो आफ्नो देशका जनतालाई खुवाउन सक्षम छ, खालि आफ्नै घरलाई व्यवस्थित गर्नु आवश्यक छ। क्युवाजस्ता मैत्रीपूर्ण देशहरूबाट आउने प्राविधिक र सामाजिक सहयोग राम्रो विषय हो। राष्ट्रिय क्रान्तिकारी परिषद् साम्राज्यवादीहरूको कुनै पनि सहयोग नराम्रो उद्देश्यबिना हुँदैन भन्नेबारे सधैँ सचेत छ।”

फ्रान्सका राजनीतिज्ञहरूले सङ्कारालाई सधैँ फ्रान्सबाट पाएको सहयोगको निम्ति पश्चिमी अफ्रिकीहरू आभारी हुनुपर्छ भन्थे। बुर्किनावे नेता सङ्काराले उत्तर दिए, “पेरिसका सडकहरू र त्यहाँका भूमिगत रेलमार्गहरू सफा राख्ने अफ्रिकीहरूप्रति फ्रान्सेलीहरू कृतज्ञ हुनुपर्छ।”

**क्रान्ति कहाँनेर चुक्यो ?**

बुर्किनाबे क्रान्ति यसरी सफल भएको थियो भने विराम कहाँनेर भयो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। क्रान्तिको चौथो राष्ट्रिय दिवसमा सङ्काराले ठीक राजनीतिक व्यवस्था स्थापना गर्न समय चाहिने कुरा स्वीकारे। क्रान्तिकारी सुरक्षा समितिहरूले राम्रै काम गर्दै थिए। ती समितिहरू राजनीतिक पार्टीका सङ्गठन थिएनन्। राजनीतिक शिक्षाको स्तर तल थियो।

सङ्काराले हरेक समिति र कार्यकर्तामा क्रान्तिकारी उत्साह थप्दै मार्क्सवादी-लेनिनवादी पार्टीमा राम्रोसँग शिक्षित गर्न समयको उपयोग गर्दै थिए। तर, परिणामको कुनै वास्ता नगरी केही अतिवादी वामपन्थीहरू बुर्किना फासोको क्रान्तिभन्दा अगाडिका पुराना स्वार्थी र बाँकी- बक्यौताहरूलाई तुरुन्तै फाल्न चाहन्थे। त्यस्ता व्यक्तिलाई केहीले ‘माओवादी’ भन्ने कल्गी लगाउँथे। तिनीहरू वास्तवमा त्रोत्स्कीवादी वा अराजकतावादीहरू थिए। तिनीहरू हरेकलाई र हरेक विषयलाई निन्दा गर्थे र तुरुन्तै समाधानको माग गर्थे। अराजकतावादीहरू जनता सचेत र सङ्गठित नहुँदै क्रान्ति गर्न चाहन्थे। जनतालाई तिनको इच्छाको वास्ता नगरी जबरजस्ती क्रान्तिमा होम्न चाहन्थे।

ती अतिवादी-वामपन्थीहरूले सामन्त, जमिनदार र पुराना शासक परिवारहरूसँग साँठगाँठ गरे। पहिलेकै दिन फर्काउन चाहने र भ्रष्टाचार गर्न पल्केका सरकारी कर्मचारीहरूको तारिफमा तिनीहरू फसे। त्यो साँठगाँठमा छिमेकी नवउपनिवेशवादी नेताहरू सरिक थिए। खास गरेर आइभरी कोस्टका होफौट-बोइगी (Houphouet Boigny) सामेल थिए। तिनीहरू बुर्किनाबे क्रान्ति निर्यात होला भनी डराउँथे र फ्रान्सको मितेराँ सरकार पनि एउटै ड्याडका मुला थिए। निकारागुआ र क्युवासँग बढ्दै गएको सम्बन्धले पनि बुर्किना फासो संरा अमेरिकाको आँखाको धुलो भयो।

सन् १९८० तिर बुर्किना फासोमा विमानस्थलबाट राजधानी लाने राम्रा कारहरू थिएनन्। त्यहाँका शिक्षा मन्त्रीको तलब एक शिक्षकको तलब बराबर थियो। संयुक्त राष्ट्रसङ्घमा बुर्किनाबे कूटनीतिज्ञहरूले पैसा बचाउन अरुसँग सस्तो होटेलमा बस्थे।

विकसित देशमा जस्तो राम्रा राम्रा पसल, होटेल र बैङ्कहरूको बन्दोबस्त थिएन। तैपनि, त्यसले भविष्यप्रतिको विश्वास र आशाको किरण आफ्नो एकता, शक्ति र प्रतिष्ठालाई बचाएको थियो।

सङ्काराको प्रस्टता र हरेक कुरामा देखाएको पारदर्शिता र इमानदारीले पनि उनको पतनमा योगदान गर्‍यो। उनको सरल जीवनशैलीबाट खुसी भएका सैनिक साथीहरूबाहेक केही व्यक्तिगत बलिदान गर्न नचाहनेहरू उनीमाथि इर्ष्यावश बदला लिने टुङ्गोमा पुगे। सङ्कारा कहिलेकाहीँ उनकै मूल्य र मान्यतामा हिँडेको सजिलै स्वीकार्थे। सुरुका वर्षमा प्रतिक्रान्तिकारी अडान लिँदा खोसिएका केही शिक्षकहरूलाई सङ्काराले पुनः नियुक्ति गरे। राम्रै उद्देश्यका लागि उनी शिक्षकहरूसँग बदला लिन चाहन्नथे। तर, ‘राष्ट्रिय क्रान्तिकारी परिषद्’ का उनका विरोधीहरूले त्यस निर्णयको विरोध गरी उनलाई आक्रमण गर्ने निहुँ बनाए।

१९८७ अक्टोबर १५ को दिन ब्लेज काम्पारेको नेतृत्वमा सङ्कारा र १२ जना साथीहरूलाई गोली हानेर मारियो। काम्पारेले तत्काल सत्ता कब्जा गरे। उनले ‘राष्ट्रिय क्रान्तिकारी परिषद्’ लाई विघटन गरे। रक्षात्मक सङ्घर्ष केही दिन चल्यो। तर, क्रान्तिको हार भयो। त्यसैबेलादेखि कम्पारे सत्तामा रहे। उनले २७ वर्ष बुर्किना फासोमा शासन गरे।

***स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा***



# भारतमा विरोध प्रदर्शनका क्रममा विपक्षी नेताहरू हिरासतमा




नयाँदिल्ली, १३ अक्टोबर (एएफपी)। भारतमा मतदाता सूचीमा हेरफेर भएको आरोप लगाउँदै निर्वाचन आयोग प्रमुखको राजीनामा मागेर प्रदर्शन चर्किरहेका बेला युवा नेतृत्वको कङ्ग्रेस जनता पार्टी (सिजेपी) का प्रमुख नेताहरूलाई प्रहरीले हिरासतमा लिएको छ। पार्टीका नेताहरूले मङ्गलबार नयाँदिल्लीस्थित जन्तर मन्तरमा लगाइएको सुरक्षा घेरा तोडेर प्रवेश गरेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको बताएका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुग्ने गरी मतदाता सूचीमा हेरफेर गरिएको विपक्षीहरूको आरोप छ। उनीहरूले निर्वाचन आयोग प्रमुखको राजीनामा मात्रै पछिल्ला दिनमा सुरक्षा प्रतिबन्ध उल्लङ्घन गरेर प्रदर्शन गरिरहेका छन्। यद्यपि, निर्वाचन आयोगले अनियमितता भएको आरोप अस्वीकार गरेको छ।

दिल्ली प्रहरीले सोमबार जन्तर मन्तरलाई आधिकारिक प्रदर्शनस्थलको सूचीबाट हटाइएको जनाएको थियो। राजधानीको केन्द्रमा रहेको उक्त स्थललाई पहिलो धातुका बारले घेरेर केही दिनदेखि बन्द गरिएको थियो र त्यहाँ ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको थियो।

तर, मङ्गलबार सिजेपी नेता अभिजीत दिप्केले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा प्रदर्शनकारीहरू सुरक्षा बार पार गर्दै जन्तर मन्तरभित्र प्रवेश गरी राष्ट्रिय झण्डा फहराएको देखिन्छ। प्रहरीले उनीहरूलाई पछ्याउँदै नियन्त्रणमा लिएको थियो।

सिजेपीले सामाजिक सञ्जालमा आफ्ना नेता सौरभ दास, आशुतोष रङ्का र अजिङ्क्य सिन्देसहितका नेताहरूलाई प्रहरीले हिरासतमा लिएको जनाएको छ। दिप्केले प्रधानमन्त्री मोदीलाई सम्बोधन गर्दै प्रतिरोधलाई रोक्न नसकिने बताउनुभएको छ।

दिल्ली प्रहरीले जन्तर मन्तरको विकल्पका रूपमा सोमबार तीनवटा आधिकारिक प्रदर्शनस्थल तोकेको थियो। दशकौँदेखि प्रदर्शन हुँदै आएको जन्तर मन्तरमा सिजेपीले पनि यसअघि आन्दोलन गरेको थियो। उक्त पार्टीको प्रदर्शनपछि परीक्षामा अनियमितता भएको विवादका कारण गत जुलाईमा शिक्षामन्त्रीले पद छाड्नुभएको थियो।

**प्रहरी धरपकडपछि भारतीय युवाको रणनीति फेरियो**

भारतको राजधानी नयाँदिल्लीमा चुनावी प्रदर्शनका क्रममा प्रहरीले धरपकड बढाएपछि युवा प्रदर्शनकारीहरूले निगरानीबाट बच्दै आन्दोलन जारी राख्न नयाँ रणनीति अपनाएका छन्। उनीहरूले मुखुन्डो लगाउने, प्रहरीका सवारीसाधनको गतिविधि पत्ता लगाउने र पक्राउ परेकालाई सहयोग गर्न डिजिटल सञ्जाल परिचालन गर्ने गरेका छन्।

जन्तर मन्तरस्थित मुख्य प्रदर्शनस्थलमा अवरोध गर्न दसौँ हजार सुरक्षाकर्मी परिचालन गरिएपछि प्रदर्शनकारीहरू अन्य स्थानमा भेला हुन थालेका छन्। सप्ताहन्तमा हजारौँलाई पक्राउ गरिए पनि उनीहरूले प्रदर्शन जारी राखेका छन्। पक्राउ परेकामध्ये धेरैलाई पछि रिहा गरिएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ दललाई फाइदा पुग्ने गरी मतदाता सूचीमा हेरफेर गरिएको आरोप लगाउँदै प्रदर्शनकारीहरूले निर्वाचन आयोगका प्रमुखको राजीनामा मागेका छन्। आयोगले भने उक्त आरोप अस्वीकार गर्दै आएको छ।

छत्तिस वर्षीय सामग्री निर्माता मेघनाद एसले पक्राउ परेकालाई सहयोग गर्न करिब १७० स्वयंसेवकको सञ्जाल बनाउनुभएको छ। उहाँहरूको समूहले प्रहरीका सवारीसाधनको गतिविधि निगरानी गरी पक्राउ परेकाहरूलाई कहाँ लगिएको छ भन्ने जानकारी सङ्कलन गर्छ। त्यसपछि ह्वाट्सएप समूह र डिजिटल माध्यमबाट स्वयंसेवक चालक परिचालन गरी खाना, पानी, इन्धन तथा आवश्यक परे चिकित्सकीय सहायता उपलब्ध गराइन्छ।

विद्यार्थी नेतृ नेहा बोहराजस्तै देखिने एक महिलालाई प्रहरीले पक्राउ गरेपछि उहाँ चर्चामा आउनुभएको छ। २९ वर्षीया बोहरा भने प्रहरीको घेराबाट उम्केर मध्य दिल्ली पुग्न सफल हुनुभएको थियो। पछि उहाँले आफूजस्तै देखिने महिलासँगको तस्बिर सार्वजनिक गर्दै उक्त समानता संयोगमात्र भएको, रणनीति नभएको भन्दै व्यङ्ग्य गर्नुभएको थियो।

केही प्रदर्शनकारी प्रहरीको नियन्त्रणमा परेपछि बसको चालक बस्ने ठाउँ वा पछाडिको झ्यालबाट उम्कने प्रयास गरेका थिए। पहिचान लुकाउन कतिपयले ब्याटम्यानका मुखुन्डोसमेत लगाएका छन्। बलिउड अभिनेत्री रिचा चड्ढाले पनि प्रदर्शनकारीको सहमतिबिना तस्बिर खिचिने गरेको उल्लेख गर्दै अनुहार पहिचान गर्ने क्यामेराबाट बच्न मेकअप प्रयोग गर्न सुझाव दिनुभएको थियो।

प्रहरीको कडा निगरानी र धरपकडबिच भारतीय युवा प्रदर्शनकारीहरूले सामाजिक सञ्जाल तथा डिजिटल प्रविधिको सहायताले आन्दोलनलाई निरन्तरता दिने प्रयास गरिरहेका छन्।

# बुल्गेरियाको तटनजिकै दुई व्यापारिक जहाजमाथि ड्रोन आक्रमण, एउटा डुब्यो

सोफिया, १३ अक्टोबर (सिन्हवा)। बुल्गेरियाको तट नजिकै दुई व्यापारिक जहाजमाथि ड्रोन आक्रमण भएको छ। आक्रमणका क्रममा कम्तीमा एउटा जहाज डुबेको बुल्गेरियाको सरकारी सूचना सेवाले मङ्गलबार जनाएको छ।

बुल्गेरियाका प्रधानमन्त्री रुमेन रादेवका अनुसार एउटा जहाजमा स्थानीय समयअनुसार मङ्गलबार बिहान करिब १:३० बजे बायला सहरबाट १८ समुद्री माइल पूर्वमा आक्रमण भएको थियो।

'चेल्सी ३' नामक उक्त जहाज माल्टाको झन्डामा सञ्चालन भइरहेको थियो। युक्रेनको ओडेसामा दर्ता भएको उक्त जहाज युक्रेनी स्वामित्वमा रहेको प्रधानमन्त्री रादेवले जानकारी दिनुभयो। जहाजका चालक दलका सदस्यहरूका अनुसार तीनवटा हवाई ड्रोनले जहाजमाथि आक्रमण गरेका थिए।

जहाजमा सवार युक्रेनका सात र अजरबैजानका आठ गरी १५ जना चालक दलका सदस्यलाई बुल्गेरियाली अधिकारीहरूले सकुशल उद्धार गरेका छन्। उद्धार गरिएका सबैलाई भर्ना बन्दरगाहमा पुर्‍याइएको थियो। उनीहरूमध्ये पाँच जनाले स्वास्थ्य उपचारसमेत प्राप्त गरेका छन्।

यसैगरी, क्रापेत्स सहरबाट करिब १७ समुद्री माइल पूर्वमा अर्को व्यापारिक जहाजमाथि पनि आक्रमण भएको जानकारी अधिकारीहरूले प्राप्त गरेका थिए। उक्त जहाज डुबेको र त्यसमा सवार चालक दलका एक सदस्यलाई उद्धार गरिएको सरकारी सूचना सेवाले जनाएको छ।

बुल्गेरियाको तट नजिकै एक साताभित्र व्यापारिक जहाजमाथि ड्रोन आक्रमण भएको यो दोस्रो घटना हो। यसअघि अक्टोबर ६ मा बायलाबाट करिब ७० समुद्री माइल पूर्वमा, बुल्गेरियाको विशेष आर्थिक क्षेत्रमा, अज्ञात ड्रोनको आक्रमणबाट एउटा व्यापारिक जहाज डुबेको थियो भने अर्को जहाजमा आगलागी भएको थियो।

प्रधानमन्त्री रादेवले बुल्गेरियाको प्रादेशिक जलक्षेत्रको नजिकै व्यापारिक जहाजमाथि बारम्बार आक्रमण हुनु पूर्ण रूपमा अस्वीकार्य रहेको बताउनुभयो।

उहाँका अनुसार घटनाबारे उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) र युरोपेली सङ्घ (ईयू) का लागि बुल्गेरियाका स्थायी प्रतिनिधिहरूलाई जानकारी गराइएको छ। साथै, उहाँले नाटोका महासचिव मार्क रुटसँग पनि यस विषयमा छलफल गर्ने बताउनुभएको छ।

# आईएमएफद्वारा विश्व आर्थिक वृद्धिको अनुमानमा सुधार

बैङ्कक, १३ अक्टोबर (एएफपी)। अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) ले सन् २०२६ को विश्व आर्थिक वृद्धिको अनुमान बढाएर ३.१ प्रतिशत पुर्‍याए पनि युद्धका कारण बढेको ऊर्जा मूल्य र कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा लगानीले विश्व अर्थतन्त्रमा विभाजन बढाउने चेतावनी दिएको छ। सन् २०२५ मा विश्व आर्थिक वृद्धि ३.५ प्रतिशत थियो।

आईएमएफले मङ्गलबार सार्वजनिक विश्व आर्थिक परिदृश्य प्रतिवेदनमा विकसित अर्थतन्त्रले एआई प्रविधिमा भइरहेको लगानीबाट लाभ लिने भए पनि ऊर्जा आयातमा निर्भर न्यून आय भएका देशहरू महँगी र आपूर्ति सङ्कटबाट बढी प्रभावित हुने जनाएको छ।

अमेरिकाले फेब्रुअरीदेखि इरानविरुद्ध जारी राखेको युद्धका कारण मध्यपूर्वमा तनाव बढ्नुका साथै प्रशोधित पेट्रोलियम पदार्थको मूल्य युद्धअघिको तुलनामा ७० देखि ९५ प्रतिशतसम्म महँगिएको प्रतिवेदनमा उल्लेख छ। युद्ध लम्बिए मुद्रास्फीति बढ्ने र आर्थिक वृद्धि सुस्त हुने आईएमएफकी प्रमुख अर्थशास्त्री सिल्भाना टेन्रेइरोले बताउनुभयो।

आईएमएफका अनुसार सन् २०२६ मा मध्यपूर्व र मध्यएसियाको अर्थतन्त्र ०.३ प्रतिशतले खुम्चिनेछ भने साउदी अरेबियाको अर्थतन्त्र ३.३ प्रतिशतले सङ्कुचित हुने अनुमान छ। यसको विपरीत विकसित अर्थतन्त्रहरू २.१ प्रतिशतले विस्तार हुने अपेक्षा गरिएको छ। एआई प्रविधिको आपूर्ति शृङ्खलामा महत्त्वपूर्ण भूमिका रहेका ताइवान र दक्षिण कोरियाले तुलनात्मक रूपमा बढी लाभ लिनेछन्।

चीनको आर्थिक वृद्धिदर भने ०.५ प्रतिशत बिन्दुले घटेर ४.५ प्रतिशतमा सीमित हुने अनुमान छ। विश्वव्यापी मुद्रास्फीति सन् २०२६ मा ४.७ प्रतिशत पुग्ने आईएमएफको प्रक्षेपण छ। एआई प्रविधिमा लगानीबाट अपेक्षित लाभ नआए लगानी घट्ने र वित्तीय अवस्था थप कडा हुने जोखिमसमेत प्रतिवेदनले औँल्याएको छ।

टेन्रेइरोले आर्थिक जोखिम सामना गर्न सरकारले ऊर्जा तथा अन्य वस्तुको मूल्यवृद्धिबाट प्रभावित नागरिकलाई अस्थायी र लक्षित सहायता दिनुपर्ने बताउनुभयो। मुद्रास्फीति नियन्त्रणमा राख्न मौद्रिक नीति मूल्य स्थिरतामा केन्द्रित गर्नुपर्ने र अर्थतन्त्रको वित्तीय क्षमता तथा आपूर्ति प्रणाली बलियो बनाउनुपर्ने उहाँको भनाइ थियो।

# चीनको आर्थिक वृद्धिदर ४.५ प्रतिशतमा सीमित रहने आईएमएफको प्रक्षेपण

बैङ्कक, १३ अक्टोबर (एएफपी)। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले यस वर्ष चीनको आर्थिक वृद्धिदर ४.५ प्रतिशत रहने प्रक्षेपण गरेको छ। मध्यपूर्वको द्वन्द्वका कारण ऊर्जा मूल्यमा भएको वृद्धि र घरेलु उपभोगमा आएको सुस्तताले आर्थिक गतिविधिमा दबाब पारेपछि कोषले आफ्नो अनुमान घटाएको हो।

आईएमएफले मङ्गलबार सार्वजनिक गरेको 'विश्व आर्थिक परिदृश्य' प्रतिवेदनमा चीनको आर्थिक वृद्धिदरसम्बन्धी प्रक्षेपण यसअघि जुलाईमा सार्वजनिक गरिएको अनुमानभन्दा ०.१ प्रतिशत बिन्दुले घटाइएको जनाएको छ। सन् २०२७ मा चीनको आर्थिक वृद्धि ४ प्रतिशतमा सीमित हुने अनुमान गरिएको छ।

प्रतिवेदनअनुसार विश्व बजारमा तेलको मूल्य वृद्धि, निरन्तर अनिश्चितता र संरचनात्मक समस्याले चीनको आर्थिक गतिविधिमा असर पार्नेछन्। यद्यपि, सरकारी नीतिगत सहयोगले आर्थिक वृद्धिमा थप ठूलो गिरावट आउन नदिने अपेक्षा गरिएको छ।

चीनले यस वर्षका लागि तय गरेको ४.५ देखि ५ प्रतिशतसम्मको आर्थिक वृद्धिको लक्ष्यको तल्लो सीमामा आईएमएफको नयाँ प्रक्षेपण पुगेको छ। घरजग्गा क्षेत्रको लामो समयदेखिको सङ्कटले उपभोक्ताको विश्वास कमजोर बनाएको छ भने खर्च र समग्र आर्थिक गतिविधिमा सुस्तता ल्याएको छ। यद्यपि, निर्यात तथा कृत्रिम बौद्धिकता (एआई) र विद्युतीय सवारीसाधनजस्ता उच्च प्रविधिका क्षेत्रमा चीनले प्रगति गरिरहेको छ।

**भारतको वृद्धिदर ७ प्रतिशत पुग्ने**

चीनको तुलनामा भारतको आर्थिक वृद्धिदरसम्बन्धी प्रक्षेपण उल्लेख्य रूपमा बढाइएको छ। आईएमएफले यस वर्ष भारतको आर्थिक वृद्धि अनुमान ०.६ प्रतिशत बिन्दुले बढाएर ७ प्रतिशत पुर्‍याएको छ।

भारतमा आर्थिक गतिविधिमा कायम गति, अनुकूल जनसाङ्ख्यिकीय अवस्था, विस्तार हुँदै गएको घरेलु बजार र संरचनात्मक सुधारले आर्थिक वृद्धिको सम्भावना बढाएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, एआई चिपको विश्वव्यापी माग बढ्दा दक्षिण कोरिया र ताइवानको आर्थिक वृद्धिदरसम्बन्धी अनुमान पनि बढाइएको छ। यस वर्ष दक्षिण कोरियाको आर्थिक वृद्धि ३.३ प्रतिशत र ताइवानको १०.७ प्रतिशत रहने आईएमएफको प्रक्षेपण छ।

सम्बन्धित कम्प्युटिङ सामग्रीको खुद व्यापारमा ताइवान र दक्षिण कोरियाको संयुक्त हिस्सा ६२ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। एआई डेटा सेन्टर निर्माणबाट दक्षिणपूर्वी एसियाका केही देशले लाभ लिन सक्ने भए पनि महँगो ऊर्जा, कमजोर पर्यटन र विप्रेषणमा कमीका कारण साना टापु राष्ट्रहरू प्रभावित हुन सक्नेछन्।

यसैबिच, जापानको आर्थिक वृद्धिदर यस वर्ष ०.७ प्रतिशत रहने अनुमान गरिएको छ, जुन जुलाईको प्रक्षेपणभन्दा ०.१ प्रतिशत बिन्दुले बढी हो। प्रधानमन्त्री साने ताकाइची सरकारले लागू गरेका वित्तीय उपायले इन्धनको मूल्यवृद्धिको असर कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# पाकिस्तानमा रेल दुर्घटना, चार जनाको मृत्यु

मुलतान (पाकिस्तान), १३ अक्टोबर (एपी)। मध्य पाकिस्तानको पञ्जाब प्रान्तमा मङ्गलबार बिहान यात्रुवाहक रेल पटरीबाट खस्दा कम्तीमा चार जनाको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन्।

रेलवेका प्रवक्ता कलीम अख्तरका अनुसार दक्षिणी बन्दरगाह सहर कराचीबाट उत्तरपश्चिमी सहर पेशावरतर्फ गइरहेको रेल सेर शाह सहरमा दुर्घटनामा परेको हो। दुर्घटनाका क्रममा रेलका १४ वटा डिब्बाबाट यात्रुलाई बाहिर निकालेर घाइतेलाई उपचारका लागि अस्पताल पुर्‍याएका छन्। घटनास्थलमा उद्धारकर्मी र स्वास्थ्यकर्मी परिचालन गरिएको उहाँले बताउनुभयो।

दुर्घटनाप्रति राष्ट्रपति आसिफ अली जरदारी र प्रधानमन्त्री शाहबाज सरिफले छुट्टाछुट्टै वक्तव्य जारी गर्दै दुःख व्यक्त गर्नुभएको छ। उहाँहरूले घाइतेहरूलाई गुणस्तरीय उपचार उपलब्ध गराउन सम्बन्धित अधिकारीहरूलाई आग्रह गर्नुभएको छ।

पाकिस्तानमा दशकौँदेखिको न्यून लगानी, पुराना रेलमार्ग र जीर्ण सङ्केत प्रणालीका कारण रेल दुर्घटना हुने गरेका छन्। सन् २०२३ मा दक्षिणी पाकिस्तानमा यात्रुवाहक रेलका १० वटा डिब्बा पटरीबाट खस्दा ३० जनाको मृत्यु भएको थियो भने ९० भन्दा बढी घाइते भएका थिए।

# मानसिक स्वास्थ्य समस्याः बुझाइ, चुनौती र रोकथामका उपाय

अक्टोबर १० का दिन विश्वभर 'विश्व मानसिक स्वास्थ्य दिवस मनाइन्छ। विश्वमा मानसिक रोगीहरूको सङ्ख्या बढ्दो छ। विश्व स्वास्थ्य सङ्गठनले दिएको जानकारीअनुसार हरेक आठ जना मानिसमध्ये एक जनामा मानसिक स्वास्थ्य समस्या पाइएको छ। यस वर्षको मूल नारा 'जीवनका वास्तविक अनुभवहरू सुनौँ: वास्तविक आवाज, वास्तविक परिवर्तन' रहेको छ।

मानसिक स्वास्थ्यको क्षेत्रमा हामीले धेरै कुरा गरेका छौँ; अस्पताल बनाएका छौँ, औषधि विकास गरेका छौँ तथा मनोचिकित्सा र मनोवैज्ञानिक उपचारका विधिहरू पनि विकास गरेका छौँ। तर, एउटा महत्त्वपूर्ण कुरा- मानसिक स्वास्थ्य समस्याको उपचार गर्दा हामी प्राय: बिरामीको लक्षण, निदान र औषधिमा मात्र केन्द्रित हुन्छौँ। बिरामीले के अनुभव गरिरहेको छ ? उसको डर के हो ? उसले समाजबाट कस्तो व्यवहार पाएको छ ? उसको परिवारले के भोगिरहेको छ ? उसलाई उपचारमा के कुराले सहयोग गर्छ ? जस्ता विषयलाई हामी कमै मात्र हेर्छौँ।

मानसिक स्वास्थ्य सेवा बनाउँदा बिरामी, परिवार र मानसिक स्वास्थ्य समस्याबाट जीवनमा गुज्रिएका व्यक्तिहरूको अनुभवलाई पनि समावेश गर्नुपर्छ। हामीले व्यक्तिलाई दोष दिनुको सट्टा समस्या बुझ्नुपर्छ। मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई हामीले केवल 'बिरामी' भनेर नभई एउटा व्यक्ति, एउटा परिवारको सदस्य, एउटा साथी, एउटा विद्यार्थी, एउटा शिक्षक, एउटा अभिभावक र एउटा सपना बोकेको मानिसका रूपमा हेर्नुपर्छ।

उसको अनुभव सुनौँ।

उसको आवाजलाई सम्मान गरौँ।

उसलाई निर्णयमा सहभागी गराउँदै समयमै उपचार र सहयोग उपलब्ध गराऔँ।

सेवा लिने व्यक्ति मात्र होइनन्, उनीहरूको अनुभव आफैँमा एउटा महत्त्वपूर्ण ज्ञान हो। त्यसैले, २०२६ को सन्देशले हामीलाई यही कुरा सिकाउँछ।

**नेपालको सन्दर्भ र वर्तमान चुनौती**

नेपालमा यस वर्ष रसुवामा आएको बाढीले ठूलो वितण्डा मच्चायो। धेरै मानिसले घरपरिवार र जग्गाजमिन गुमाए। यसबाट मानिसहरूमा विभिन्न मनोवैज्ञानिक समस्या देखिएका छन्। यस्तो बेलामा बिरामीलाई राहतका साथै उचित मनोवैज्ञानिक परामर्शको अति आवश्यकता हुन्छ। धेरै मानिसमा डिप्रेसन, एन्जाइटी र पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डरजस्ता समस्याहरू देखिन थालेका छन्। यतिबेला ती प्रभावितहरूको मनोबल उच्च पार्नु, घाउमा मलमपट्टि लगाउनु र मनमा परेको चोटलाई कम गर्दै राहतको राम्रो सदुपयोग गर्नु अति आवश्यक छ। साथै, यस्ता प्राकृतिक प्रकोपबाट कसरी बच्ने भन्नेबारे दीर्घकालीन उपाय निकाल्नु पनि उत्तिकै आवश्यक देखिन्छ।

अर्कातर्फ, आत्मदाह गर्ने, शरीरमा पेट्रोल छर्किने र आत्महत्या गर्नेजस्ता घटनाहरू पनि बढ्दै गएको देखिन्छ। त्यसैले, नेपालमा मनोसामाजिक परामर्शको व्यापक आवश्यकता रहेको छ।

**मानसिक स्वास्थ्यसम्बन्धी केही तथ्यहरू**

विश्वमा ३० करोड मानिस एन्जाइटी डिसअर्डरबाट पीडित छन्।

डिप्रेसनबाट २८ करोड, बाइपोलर डिसअर्डरबाट ४ करोड र सिजोफ्रेनियाबाट २ करोड ४० लाख मानिस पीडित छन्।

विश्वमा ठूलो 'मेन्टल हेल्थ ग्याप' ( मानसिक स्वास्थ्य सेवाको कमी) रहेको छ। विकासोन्मुख देशहरूमा ६० देखि ७० प्रतिशत मानिस उपचारको पहुँच बाहिर छन्।

मानसिक रोगअन्तर्गत अति सामान्य समस्या 'टेन्सन हेडएकेक' (टाउको दुखाइ) देखि अति कडा रोग 'सिजोफ्रेनिया' सम्म पर्दछन्।

विश्वमा करिब ५० करोड मानिस कुनै न कुनै प्रकारको मनोरोगबाट पीडित छन्।

मानिसको दैनिक क्रियाकलापमा असर गर्ने विश्वका १० खतरनाक रोगहरूमध्ये ५ वटा मानसिक रोगका कारण हुन्छन्, जसमा डिप्रेसन, मेनिया, सिजोफ्रेनिया, कुलत (दुर्व्यसनी) र डिमेन्सिया पर्दछन्।

मानसिक रोगको एउटा प्रमुख कारण पारिवारिक झगडा, बेरोजगारी र प्राकृतिक प्रकोप पनि हो। बिरामी हुन नदिन र भएका बिरामीलाई छिटो निको पार्न परिवारका सदस्यको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ।



प्राडा. सिपी सेढाई

नेपालमा मनोरोगका बिरामीको उपचार गर्ने जनशक्तिको कमी छ। साइक्याट्रिक मनोरोग विशेषज्ञ, साइक्याट्रिक नर्स, मनोवैज्ञानिक र सामाजिक कार्यकर्ताहरू मनोरोगका बिरामीको उपचारमा संलग्न रहन्छन्। नेपालमा मानसिक बिरामीहरूको उपचार नेपाल मानसिक अस्पताल, मेडिकल कलेजहरू, सरकारी अस्पतालहरू र निजी नर्सिङ होमहरूमा हुने गरेको छ। केही गैरसरकारी संस्थाहरूले पनि यस क्षेत्रमा सहयोग गर्दै आएका छन्। खासगरी, मानिसमा परेको समस्यासँग जुध्न नसक्दा मानसिक रोग लाग्न पुग्छ। तर, कतिपय अवस्थामा वंशानुगत रूपमा पनि मानसिक रोग लाग्ने सम्भावना हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार विश्वमा प्रत्येक ४० सेकेन्डमा एक जना मानिसको ज्यान आत्महत्याबाट जान्छ; त्यसैले यसको रोकथाम अति आवश्यक छ। मानसिक रोगबारे जनचेतना फैलाएर मानसिक स्वास्थ्य राम्रो बनाउन सके आत्महत्याका घटनाहरू घटाउन सकिन्छ। हामीले जहिले पनि सकारात्मक दृष्टिकोण राख्नुपर्छ। मानसिक रोगका बिरामी पनि आफ्नो दैनिक काम गर्न सक्छन् र उपचार गरेमा यो रोग निको हुन्छ। सामान्य मनोरोगका बिरामीलाई 'मेरो दिमाग बिग्रन्छ कि' भन्ने डर लाग्छ, तर त्यस्तो हुँदैन; कडा मानसिक रोगमा मात्र त्यस्तो हुन सक्छ। रोग लाग्यो भनेर लुकाउनु हुँदैन र आफूलाई कमजोर ठान्नु हुँदैन, बरू समयमै उपचार गराउनुपर्छ।

**मानसिक रोग कस्ता कस्ता हुन्छन् ?**

क) सामान्य खालका मानसिक रोगहरू :

**डिप्रेसन :** यस रोगका बिरामी निराश हुने, दिक्क हुने, नरमाइलो मान्ने, बारम्बार रून्ने, हातखुट्टा झमझम गर्ने, टाउको दुख्ने, 'बाँच्नुभन्दा मर्नु बेस' ठान्ने गर्छन्। कतिपय बिरामीले आत्महत्या गरेको पनि पाइएको छ। डिप्रेसन नेपालमा पाइने मुख्य मानसिक रोग हो। जीवनभरमा २०-२५ प्रतिशत मानिसलाई डिप्रेसन हुन सक्छ।

**एन्जाइटी (डर लाग्ने समस्या) :** मानिसमा डर लागिरहने, मुटु ढुकढुक गर्ने, हात हल्लिने, टाउको दुख्ने र अचानक डराउने समस्या देखिन्छ।

**कन्भर्सन/डिसोसिएटिभ डिसअर्डर :** अचानक हातखुट्टा नचल्ने, छातीमा स्वास फेर्न गाऱ्हो हुने, उल्टोपाल्टो कुरा गर्ने, बोली रोकिने, काम्ने र बिर्सनेजस्ता लक्षणहरू लिएर बिरामी अस्पताल आउँछन्।

**सोमाटोफर्म डिसअर्डर :** यो यस्तो रोग हो, जसमा बिरामी शरीरका विभिन्न अङ्गमा समस्या भएको लक्षण (जस्तै टाउको दुख्ने, पेट दुख्ने, हातखुट्टा हल्लिने आदि) लिएर विभिन्न डाक्टरकहाँ पुग्छन्। तैपनि, आफ्नो समस्या निको भएको महसुस गर्दैनन्। विभिन्न ल्याब परीक्षण गराउँदा पनि कुनै खराबी देखिँदैन, जुन साइकोलोजिकल कारणले भएको उनीहरूलाई थाहा नै हुँदैन। कहिलेकाहीँ बिरामीहरू आफूलाई क्यान्सर वा एड्स भएको शङ्का गरेर अस्पताल आउँछन्।

**अब्जेक्टिभ कम्पल्सिभ डिसअर्डर :** यो यस्तो रोग हो जहाँ मन अत्यन्त कमजोर हुन्छ। मनमा विभिन्न सोचाइ र दृश्यहरू आइरहन्छन्। मनले नचाहँदा नचाहँदै पनि त्यस्ता सोचाइ आएर बिरामी आत्तिन्छ। उसलाई छटपटी भइरहन्छ र चुकुल लगाएपछि पटक-पटक हेरिरहने वा बारम्बार हात धोइरहनेजस्ता लक्षण देखिन्छन्।

**ख) कडा मानसिक रोगहरू :**

**मेनिया :** यो डिप्रेसनको ठ्याक्कै उल्टो खालको रोग हो। बिरामी म ठूलो मान्छे बन्छु, म प्रसिद्ध व्यक्ति हुँ भनेर घमण्ड गर्ने, कसैले भनेको नमानेमा पिट्ने, राम्रो लुगा लगाउन जिद्दी गर्ने, मीठो खाना माग्ने, पैसा माग्ने र झगडा गर्ने गर्छ। कहिले मेनिया र कहिले डिप्रेसन देखिने अवस्थालाई 'बाइपोलार एफेक्टिभ डिसअर्डर' भनिन्छ।

**सिजोफ्रेनिया :** यो यस्तो रोग हो, जसमा बिरामीलाई आफू बिरामी भएको थाहा हुँदैन। बिरामी एक्लै बस्दा कानमा आवाज आउने, अरूसँग शङ्का गर्ने, सरसङ्गत छोड्ने, एक्लै बस्ने, दैनिक काममा ध्यान नदिने, सफासुग्घर बस्न छाड्ने र घरबाट भाग्नेजस्ता लक्षण देखिन्छन्।

**ग) अन्य समस्याहरू :**

**लागूऔषध र रक्सीको समस्या :** विशेष गरी विद्यालय तथा कलेजका विद्यार्थीहरू लागूऔषध सेवनको कुलतमा फसेको देखिन्छ। खोकीको औषधि, गाँजा, टिटाजेसिक र हिरोइनजस्ता पदार्थ लिँदा मस्तिष्कमा नराम्रो असर पर्छ। उनीहरू एकपटक लिएपछि छोड्न सक्दैनन् र कतिपय अवस्थामा चोरीजस्ता अपराधमा पनि संलग्न हुन्छन्। अर्कोतिर, रक्सी सेवन गर्ने मानिसमा दिनदिनै पिउने मात्रा बढ्दै जान्छ र पछि बिहान उठ्नेबित्तिकै रक्सी नभई बस्न सक्दैनन्। यसले छारेरोग, होस हराउने, पेट पोल्ने, कलेजोको रोग, डिमेन्सिया तथा डिप्रेसन निम्त्याउन सक्छ।

**छारेरोग :** अचानक शरीर कडा हुने, काम्ने, बेहोस हुने, आँखा हल्लिने र जिब्रोमा चोट लाग्ने समस्या यसमा हुन्छ। कतिपय बच्चामा १ देखि २ मिनेटसम्म टोलाएर मात्र बस्ने पनि एक प्रकारको छारेरोग हो। यो उपचार गरेपछि निको हुन्छ तर यसको औषधि करिब ४ वर्षसम्म नियमित खानुपर्छ।

सुस्त मनस्थिति: यस्ता बिरामीमा बौद्धिक क्षमता कम हुन्छ। दैनिक जीवनमा सिक्ने, काम गर्ने र पढ्ने कुरामा उनीहरू पछि पर्छन्। उपचारले उनीहरूमा सुधार ल्याउन सकिन्छ तर उनीहरूको बुद्धिअनुसार सीप सिकाइ काममा लगाउनुपर्छ।

डिमेन्सिया (बिर्सने रोग): यो बुढेसकालमा लाग्ने मस्तिष्कको एक प्रकारको रोग हो। ६५ वर्षपछि देखिने यस रोगमा मस्तिष्कको आकार सानो हुँदै जान्छ र बिरामीको सम्झने शक्ति घट्दै जान्छ। बिरामी रिसाउने, बिर्सने, दिसापिसाब नियन्त्रण गर्न नसक्ने, एक्लै बस्ने र व्यक्तित्वमा परिवर्तन आउने हुन्छ।

**मानसिक रोगका कारणहरू**

- वंशानुगत रूपमा सर्ने।
- न्युरोट्रान्समिटरको गडबडी (जस्तै डोपामिन, सेरोटोनिन र नोरिएपिनेफ्रिनको असन्तुलन)।
- बाल्यकालमा आमाबाबुबाट टाढा बस्नुपर्दाको अवस्था।
- हर्मोनको गडबडी (जस्तै थाइरोइड, एड्रिनल वा ग्रोथ हर्मोनमा समस्या)।
- लामो समयसम्म शारीरिक रोग लाग्नु (जस्तै मधुमेह, मिर्गौलाको रोग आदि)।
- व्यक्तित्वका कारणहरू।
- तात्कालिक घटनाक्रम (जस्तै प्रियजनको मृत्यु वा ठूलो नोक्सानी हुने घटना)।
- पारिवारिक अस्वस्थ सम्बन्ध।
- लागू पदार्थको सेवन।
- गर्भधारणको समयमा सङ्क्रमण वा मस्तिष्कको वृद्धिमा बाधा।
- समाजबाट टाढा बस्नु वा बसाइँ सर्नाले पर्ने असर।
- टाउकोमा चोटपटक लाग्नु।

**कसरी मानसिक रूपमा स्वस्थ बन्ने ?**

- अनावश्यक कुरामा बारम्बार एकोहोरो गहिरो सोचाइ नराख्ने।
- अरूको उपलब्धिलाई सजिलै ग्रहण गर्ने र खुसी हुन सिक्ने।
- पुराना रूढिवादी कुराहरू, जुन वर्तमानमा गलत साबित भएका छन्, तिनमा विश्वास नगर्ने।
- हरेक काममा खुसी, सन्तुष्ट र सुखी बन्न सिक्ने।
- जे छ त्यसैमा सन्तुष्ट हुने, तर मिहिनेत गर्न नछाड्ने।
- लागूपदार्थ, रक्सी र ड्रग्सबाट टाढा रहने।
- दैनिक जीवनमा स्वस्थ प्रतिस्पर्धा गर्ने।
- समाज र घरपरिवारमा द्वेष वा दुष्टताको वातावरण अन्त्य गर्ने।
- अति नैतिकवान बन्न खोजेर अरूबाट पनि त्यस्तै बढी अपेक्षा नगर्ने।
- आफ्ना समस्या परिवार र साथीभाइलाई भन्ने बानी गर्ने, जसले मनको चिन्ता कम गर्न सहयोग गर्छ।
- मनलाई सधैँ शान्त राख्ने।

**मानसिक रोग लागेको कसरी चिन्न सकिने ?**

- मानिसमा धेरै अङ्गका जटिल लक्षणहरू एकैचोटि देखिएमा।
- अनौठो व्यवहार देखा परेमा।
- एक्लै बोल्ने र एक्लै हाँस्ने गरेमा।
- अरूसँग अनावश्यक शङ्का गर्ने गरेमा।
- धेरै आत्तिने, डराउने, चिन्ता गर्ने वा घरबाट भाग्ने गरेमा।

**मानसिक रोगबारे जान्नैपर्ने कुराहरू**

मानसिक रोग अति सामान्य (जस्तै टाउको दुख्ने मात्र) देखि कडा खालका (एक्लै बोल्ने, पागलपन) सम्मका हुन्छन्। सामान्य समस्या हुँदा आत्तिनु हुँदैन र उपचार गर्न हिचकिचाउनु हुँदैन। कडा बिरामीलाई परिवारको सहयोग अति आवश्यक हुन्छ।

- मानसिक रोग लाग्नु कुनै पापको फल होइन।
- उपचार गरेमा मानसिक रोग पूर्ण रूपमा निको हुन्छ।
- मानसिक रोगका बिरामीलाई सबैले सहयोग गर्नुपर्छ।
- उपचार गराइरहेका बिरामीले डाक्टरको सल्लाहबिना आफैँ औषधि छाड्नु हुँदैन।

विभिन्न ल्याब परीक्षण गर्दा पनि शारीरिक रोग नदेखिएमा त्यो मानसिक रोग हुने सम्भावना धेरै रहन्छ।

मानसिक रोगको उपचारमा काउन्सिलिङ (साइकोथेरापी) र ईसीटी (विद्युतीय उपचार) को ठूलो भूमिका हुन्छ।

मानसिक रोगका बिरामीहरू घरपरिवार, समाज तथा द्वन्द्वका कारण शोषणमा पर्न सक्छन्।

मानिस काम्ने र बक्ने वनको भूतले होइन, मनको आन्तरिक पीडाले गर्दा हुन्छ।

**मानसिक रोगको उपचार विधि**

१. साइकोथेरापी (मनोचिकित्सा)
२. औषधि प्रयोग
३. विद्युतीय उपचार (ईसीटी)

धेरैजसो बिरामीहरू साइकोथेरापी र औषधिको प्रयोगबाटै निको हुन्छन् तर कतिपयलाई ईसीटी पनि गर्नुपर्ने हुन्छ।

**औषधि सेवन गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरू :**

औषधि जहिले पनि बिरामीलाई अर्कै मानिसको रेखदेखमा खुवाउनुपर्छ।

तोकेको अवधिसम्म नियमित औषधि सेवन गर्नुपर्छ। आफ्नो मनखुसीले औषधि छाड्दा रोग निको हुँदैन वा ४-५ महिनापछि फेरि बल्झिन सक्छ।

औषधि सुरक्षित ठाउँमा राख्नुपर्छ, जसले गर्दा बढी मात्रामा खानबाट बचाउन सकिन्छ।

औषधिको साइड इफेक्ट (प्रतिकूल असर) देखिएमा औषधि रोकेर तुरून्त सम्बन्धित विभाग वा चिकित्सकलाई सम्पर्क गर्नुपर्छ।

औषधिलाई घाम, पानी र धुलोले नबिगार्ने सुरक्षित ठाउँमा राख्नुपर्छ।

**मानसिक रोगको उपचारमा परिवारका सदस्यको भूमिका**

मानसिक रोगको एउटा प्रमुख कारण पारिवारिक झगडा, बेरोजगारी र प्राकृतिक प्रकोप पनि हो। बिरामी हुन नदिन र भएका बिरामीलाई छिटो निको पार्न परिवारका सदस्यको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। परिवारमा आइपर्ने जटिल समस्याहरू आपसी समझदारीमा समाधान गर्न सकिन्छ, त्यसैले त्यसको बोझ एक जनामा मात्र पर्न दिनुहुँदैन।

बिरामीलाई डाक्टरको सल्लाहबमोजिम नियमित रूपमा औषधि खुवाउनुपर्छ। बिरामी रिसाउने, झर्किने तथा झगडालु स्वभाव देखाउन थालेमा आफू उत्तेजित हुनु हुँदैन; बिरामीले रोगको कारणले त्यस्तो व्यवहार देखाएको हो भन्ने कुरा बुझ्नुपर्छ। औषधिले काम गर्न कम्तीमा एक हप्ता लाग्न सक्छ, त्यसैले तत्कालै असर खोज्नु हुँदैन। नेपालमा रक्सी र लागूऔषधको समस्या बढ्दो छ, जसका लागि परिवारको कडा रेखदेख र नियन्त्रण आवश्यक छ। साथै, समुदायका मानिसहरू एकजुट भएर काम गरेमा यस्ता समस्याहरू नियन्त्रण गर्न सकिन्छ।

*(प्राडा सी.पी. सेढाईं मनोरोग विशेषज्ञ हुन्।)*

# दलहरूको उद्देश्य देश र जनताको सेवा गर्नु हो

भक्तपुर, २७ असोज । “पुँजीवादी व्यवस्थामा पुँजीपतिहरूले पद र पैसाको निम्ति राजनीति गर्छन् । तर, नेमकिपा बहुमत जनताको सेवा हुने राजनीति गर्छ ।”



उक्त विचार नेमकिपाका सचिव प्रेम सुवालले नेमकिपा वडा नं. ३ एकाइ समितिद्वारा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

राजनीतिक दलहरूको उद्देश्य देश र जनताको सेवा गर्नु नै रहेको उल्लेख गर्दै उहाँले विद्यार्थीहरूलाई उच्छृङ्खल र आगजनी गर्ने काममा उत्साहित गरेर देशलाई खरानी पार्ने तत्त्व चिन्नुपर्ने बताउनुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका लक्ष्मीभक्त लासिवाले असल राजनीति गरेर असल संस्कार सिकाउनुपर्नेमा जोड दिँदै व्यक्तित्व विकास गर्न पठन संस्कृतिलाई बढावा दिएर पार्टी प्रकाशनहरू अध्ययन गर्नुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रामसुन्दर खाताखोको सभापतित्वमा भएको सो कार्यक्रममा राजकृष्ण गोरा, कृष्णगोपाल चौगुठी, सुनिता अवाल र रामकृष्ण त्वायनाले पनि बोल्नुभएको थियो ।

**ख्वप...**

समुदायमा पारेको प्रभावका आधारमा पनि यसको विकास र गुणस्तर राम्रो देखिएको उल्लेख गर्नुभयो ।

विभिन्न कलेज तथा विश्वविद्यालयको Peer Review प्रक्रियामा सहभागी भएको अनुभव सुनाउँदै उहाँले ख्वप इन्जिनियरिङ कलेजको व्यवस्थापन र प्रतिवेदन प्रस्तुत गर्ने शैली प्रशंसनीय रहेको बताउनुभयो । अन्य शैक्षिक संस्थाको तुलनामा विद्यार्थीको बिचमै पढाइ छाड्ने दर (ड्रपआउट रेट) र उत्तीर्ण प्रतिशतमा देखिने चुनौतीका सन्दर्भमा यस कलेजको अवस्था सकारात्मक रहेको उहाँको भनाइ थियो । सामुदायिक तथा स्थानीय तहबाट सञ्चालित शैक्षिक संस्थाले गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छन् भन्ने उदाहरण ख्वप इन्जिनियरिङ कलेजले प्रस्तुत गरेको उहाँले बताउनुभयो ।

कार्यक्रममा संयोजक इन्जिनियर उमेश सुकमनीले Peer Review team समक्ष स्वअध्ययन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले कलेजको उद्देश्य, शैक्षिक गतिविधि तथा भावी योजनाबारे जानकारी दिँदै ख्वप इन्जिनियरिङ कलेज नेपालमा स्थानीय तहबाट सञ्चालित पहिलो इन्जिनियरिङ कलेजका रूपमा स्थापित भएको उल्लेख गर्दै अनुसन्धान र नवप्रवर्तनमा जोड दिई दक्ष जनशक्ति उत्पादन गर्नु कलेजको प्रमुख उद्देश्य रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँले पनि कलेजको बारेमा बोल्नुभएको थियो ।

टीमले सञ्चालक समिति, प्राचार्य, विद्यार्थी र स्थानीयहरूसँग छुट्टाछुट्टै भेट गर्ने छ । कलेजको समस्या र साझा सरोकारको विषयमा सरोकारवालाहरूसँग छलफल गरिनेछ । सो क्रममा कलेजका पुस्तकालय, पठनपाठनसम्बन्धी योजना, पूर्वाधारहरूलगायतको सबै विषयमा टीमले अध्ययन गर्नेछ । छलफलको लागि मङ्गलबार, बुधबार र बिहीबार तीन दिन समय छुट्याइएको छ ।

यसअघि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङले क्यु.ए.ए. प्राप्त गरिसकेको छ ।


## खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## हार्दिक समवेदना



जन्म
२००७/०८/२२

स्वर्गारोहण
२०८३/०६/१६

यस संस्थाका सञ्चालक समितिका सचिव विजय सिलवालका ममतामयी आमा **वेलादेवी सिलवाल**को दु:खद निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**मित्रता बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर

## हार्दिक समवेदना



जन्म : २०२९/०३/१२
निधन: २०८३/०४/१६

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ , गोल्मढी टोल बस्ने यस संस्थाका सदस्यता नं. १००६० का सदस्य **लक्ष्मी रंजितकार**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म : २००६/०७/१५
निधन: २०८३/०६/२२

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. १० कमलविनायक टोल बस्ने यस संस्थाका सदस्यता नं. ५५५७ का सदस्य **पुनकुमारी साँध**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



# भावपूर्ण श्रद्धाञ्जली



जन्म
२००८/०८/०८

निधन
२०८३/०६/१७

बेटीमाया दुवाल

हाम्रा सासूआमा **बेटीमाया दुवाल**को दु:खद निधन भएकोले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँले सत्य, विनम्रता र परिवारप्रतिको समर्पणका आदर्श जीवन जिउनुभयो । उहाँको सरलता र प्रेमले सधैं सधैंका लागि हृदयमा प्रेरणाको स्रोत बनिरहनेछ । उहाँको स्वर्गारोहण भएको बाह्रौं दिनको पुण्यतिथिमा सम्पूर्ण परिवारको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**छोरी/ज्वाइँ**

नानीमैया/लक्ष्मीप्रसाद ह्यौंमिखा
कृष्णमैया/केदार फेलु
रत्नमैया/चञ्चला/श्रीचन्द्र मुस्याख्वा
कृष्णलक्ष्मी/दानबहादुर सुवाल

**नातिनी/बुहारी**

सुमन फेलु/सरिता मारिखु
गीता फेलु
अनु ह्यौंमिखा
अजय मुस्याख्वा
नवीन ह्यौंमिखा
अमन मुस्याख्वा
निकिता सुवाल
लिसा सुवाल
कृषा सुवाल
अनुष मुस्याख्वा
अंकित सुवाल
अंकीता सुवाल
अनुषा सुवाल

**नातिनी/ज्वाइँ**

अमिता/सुदन सुवाल
रीता/विश्वराम देशेमरु
निर्मला/निरोज वैद्य

**पनाति**

आवास सुवाल
आरोण देशेमरु
आरोइन फेलु
निर्भी वैद्य


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा